भक्तपुरका मध्यकालीन अभिलेख



प्रकाशक
नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं

भक्तपुरका मध्यकालीन अभिलेख

प्रकाशक :
नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००८४५, ०१-४२००८४६
वेवसाइटः www.narchives.gov.np
इमेलः mail@narchives.gov.np

भक्तपुरका मध्यकालीन अभिलेख

प्रकाशक : नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००८४५, ०१-४२००८४६
वेवसाइटः www.narchives.gov.np
इमेलः mail@narchives.gov.np
संस्करण : पहिलो, २०८०
सर्वाधिकार : प्रकाशकमा
प्रकाशन प्रति : ३०० थान
मूल्य : रू. १,३५०।-
मुद्रण : फाइन अफसेट प्रेस, गःपली-४, बाराहीस्थान, भक्तपुर
फोन नं.: ०१-६६१४४८३
इमेलः fop.bkt@gmail.com

सम्पादकीय

प्रस्तुत पुस्तक राष्ट्रिय अभिलेखालयमा संग्रहित भक्तपुर इलाकाभित्रका प्राचीन शिलालेखका छापा उतारको लिप्यन्तर र भाषान्तर गरिएको भक्तपुरका मध्यकालीन अभिलेख हो । इतिहासको लागि मूल स्रोत भनेकै प्राचीन अभिलेख भएको हुनाले यसको विशेष महत्व छ । यिनै स्रोतको आधारमा विगतका इतिहासबारे जानकारी प्राप्त भएका छन् । तत्कालीन राजा एवं ठूला काजी भारदारहरूले उनीहरूको समयमा राख्न लगाएका कीर्ति तथा देनको बारेमा थाहा पाउन यी स्रोतले ठूलो मद्दत गरेको छ । त्यसकारण नेपालको इतिहास लेखनमा यी प्राचीन अभिलेख विशेष रूपले सहयोगी सिद्ध भएको छ । यतिमात्र होइन तत्कालीन राजनीतिक, भौगोलिक, आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक अवस्था एवं लिपि, भाषा, कलाको विकास आदि बारे समेत जान्न बुझ्नका लागि पनि यी अभिलेखको विशेष भूमिका रहन्छ ।

लिच्छविकालका अभिलेखहरू पहिले नै प्रकाशित अवस्थामा आइसकेको हुनाले यस पुस्तकमा अभिलेखालयमा सङ्कलित हालको भक्तपुर जिल्लामा पर्ने मध्यकालका अभिलेखहरूको मात्र चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा मध्यकालीन छापा उतारको अध्ययन गरि त्यसको अर्थ राख्ने क्रममा साल मितिको छुट्टै समस्या देखिन आएकोले प्रत्येक शब्द एवं वाक्यको अनुवाद नगरि अभिलेखमा भन्न खोजिएको मूलभूत कुरालाई मात्र खुलाई भाषान्तर गरिएको छ । प्रायः नेपाल संवत्मा दिइएको मितिलाई अन्यत्र विक्रम संवत्मा सटही गर्दा कार्तिकदेखि चैत्रभित्रको भएमा त्यसमा ९३६ र वैशाखदेखि आश्विनसम्मको भएमा ९३७ जोड्ने गरिएको मात्रै देखिएको छ । तसर्थ यो तरिका सरासर गलत भएकोले राष्ट्रिय अभिलेखालयमा बुझाइएको यस कार्यको प्रारम्भिक प्रतिवेदनमा नेपाल संवत्मा ८०२ जोडेपछि शाके संवत् बन्छ, त्यो शाके संवत् शक संवतको यतिदेखि यतिसम्म रहने भनी दिएर मात्र त्यो महिना मुताविकको शक संवत्मा १३५ जोडे पछि विक्रम संवत् बन्छ भन्ने व्यहोरा उल्लेख गरेको छु । यस कुरालाई उपरोक्त प्रतिवेदनमा प्रतिकृया भनेर शीर्षक दिएर उल्लेख गरिएको छ तर यस पुस्तकमा उक्त व्यहोरा समावेश गरिएको छैन । अतः साल मितिमा कथंकदाचित सन्देह लागेमा प्रतिवेदनसँग भिडाएर हेर्न सकिने छ ।

शिलालेखको छापा उतारको लिप्यन्तर र भाषान्तरको क्रममा कतिपय छापा उतार अस्पष्ट भएर सम्वन्धित स्थान मै गएर अवलोकन गर्नुपर्ने अवस्था पनि आएको थियो । सोही क्रममा कुनैकुनै शिलालेख रहेको स्थानमा पुरानो शिलालेख लुकाएर अर्को शिलालेख कुद्न लगाई राखिएको समेत भेटिएको छ । यसले गर्दा शिलालेखको वास्तविक साल मिति फरक परेको छ । तसर्थ, यस्तो अमानवीय कार्यलाई रोकी नेपालको इतिहासलाई मिथ्याकरण हुनबाट बचाउन पनि उत्तिकै आवश्यकता छ ।

यस पुस्तकमा २०७२ सालको विनासकारी भूकम्पपछि भक्तपुरको सम्पदा क्षेत्रमा रहेका अभिलेखहरूको लगत सङ्कलन गरी सोको विवरणसमेत समावेश गरिएको छ । यसका साथै अनुसन्धानकर्ताहरूलाई अभिलेख रहेको स्थान पत्ता लगाउन सहज होस् भनी G.P.S Location Map समेत राखिएको छ । तसर्थ भूकम्पपछिको सम्पदाका अभिलेखको लगत सङ्कलनमा सक्रिय भई कार्य सफल गर्ने टोलीको योगदानको उच्च प्रशंसा गर्नुको साथसाथै अभिलेखको लिप्यन्तर तथा भाषान्तर कार्यमा मलाई सहयोग पुर्‍याउने विद्वान् प्राध्यापक डा. पुरूषोत्तमलोचन श्रेष्ठ तथा मित्र शरद कसाःको सहयोग पनि स्मरणीय रहेको छ । उहाँहरू सकलप्रति आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

श्यामसुन्दर राजवंशी
लिपि विशेषज्ञ

दुई शब्द

नेपालमा ऐतिहासिककालको सुरूदेखि नै तत्कालीन महत्वपूर्ण गतिविधिको अभिलेख राख्ने, अभिलेखसम्म सर्वसाधारणको पहुँच स्थापना गराउने लगायतका सार्वजनिक रेकर्ड व्यवस्थापनसँग सम्बन्धित कार्य सुरू भइसकेको देखिन्छ । विभिन्न लेखन सामाग्रीमा लेखिएका विविध भाषा, लिपि तथा विषयका अभिलेखको संरक्षण तथा व्यवस्थापनका लागी वि.सं २०२४ मा राष्ट्रिय अभिलेखालयको स्थापना भएसँगै नेपालमा आधुनिक तथा संगठित अभिलेख व्यवस्थापनको सुरूवात भएको मान्न सकिन्छ । अभिलेखालयमा भण्डारण तथा व्यवस्थापन गरिएका विभिन्न लेखन सामग्रीमा लेखिएका यिनै अभिलेख इतिहास अध्येताका लागि प्राथमिक तथा महत्वपूर्ण प्रामाणिक स्रोत हुन् । यी सामग्रीहरूको अध्ययनबाट राज्यको यथार्थ इतिहास उजागर गर्न मद्दत पुगेको छ ।

शिलाहरूमा उत्कीर्ण गरिएका अभिलेखहरू तत्कालीन राज्य व्यवस्थासँग सम्बन्धित ऐतिहासिक, राजनैतिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक गतिविधिको महत्वपूर्ण विवरण हुनुका साथै पछिका शासक एवं प्रशासकका लागि समेत मार्गदर्शनका रूपमा रहने गरेको पाइन्छ । विगतका कालखण्डका प्रामाणिक इतिहासको अध्ययन तथा लेखन कार्यमा यी शिलालेखहरूको महत्वपूर्ण भूमिका रहने गरेको छ । यस्तो महत्वपूर्ण ऐतिहासिक सामग्रीको अध्ययन सहज होस् भन्ने हेतुले राष्ट्रिय अभिलेखालयले देशका विभिन्न स्थानबाट अभिलेख सङ्कलन गर्नुका साथै तिनीहरूको सूची पनि क्रमशः प्रकाशन गर्दै आएको छ । जसअन्तर्गत भक्तपुरका शिलालेख सूची र क़ान्तिपुर शिलालेख सूची (भाग १ देखि ४) प्रकाशन भइसकेका छन् । यही कार्यलाई निरन्तरता दिने क्रममा प्रस्तुत पुस्तकमा हाल अभिलेखालयको सङ्कलनमा रहेका भक्तपुरका मल्लकालीन शिलालेखहरूको मूलपाठ, लिप्यन्तर, भावार्थ विवरण र २०७२ सालको महाभूकम्प पश्चात् स्मारक क्षेत्रमा रहेका अभिलेखहरूको वर्तमान अवस्थाको लगत विवरण समावेश गरि प्रकाशन गरिएको छ । यसले अनुसन्धानकर्ताहरूलाई अभिलेखको वर्तमान वस्तुस्थिति र थप अध्ययनको लागि सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रस्तुत पुस्तकमा लिपिविशेषज्ञ श्यामसुन्दर राजवंशीज्यूले सम्पूर्ण अभिलेखको अध्ययन गरी मूलपाठको लिप्यन्तर तथा भावार्थ तयार गर्नुभएको छ । यसका साथै पुरातत्वविद् प्रकाश दर्नालज्यू तथा उहाँको टोलीले भक्तपुरका विभिन्न स्थानबाट अभिलेखहरूको लगत सङ्कलन गरी विवरण तयार गर्नुभएको थियो भने यस कार्यालयका अभिलेख अधिकृत रज्जु हाडाले पुस्तक सम्पादन एवं प्रकाशन गर्नको लागि महत्वपूर्ण सहयोग गर्नुभएको हुँदा उहाँहरू सबैलाई म हृदयदेखि हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी यो पुस्तक तयार गर्न सहयोग गर्नुभएका अनुसन्धान अधिकृत मनिता न्यौपाने, छविकार ज्योति न्यौपाने र लेखक अजय घेमोसुलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, ऐतिहासिक कालखण्डका विभिन्न अवस्थाको जानकारी दिने यी शिलालेखको लिप्यन्तर र भावार्थ सहित सम्पादन गरि प्रकाशन गरिएको प्रस्तुत पुस्तकले यस विषयमा अध्ययन गर्न उत्सुक सबैलाई सहयोग पुग्नेछ भन्नेमा विश्वस्त छु । साथै यो पुस्तकले इतिहासकार, अनुसन्धाता लगायत अन्य जिज्ञासुका मागलाई धेरै हदसम्म सम्बोधन गर्नेछ भन्ने आशा पनि लिएको छु ।

महानिर्देशक
सौभाग्य प्रधानाङ्ग

भूमिका

अभिलेखको खोज, सङ्कलन, संरक्षण तथा अनुसन्धान कार्य राष्ट्रिय अभिलेखालयको प्रमुख कार्य हो । राष्ट्रिय अभिलेखालयको स्थापना हुनुपूर्व नै वीर पुस्तकालयले देशका विभिन्न भागका शिलालेखहरूको उतार लिने कार्य सुरू गरिसकेको थियो । पछि वि.सं २०२४ मा राष्ट्रिय अभिलेखालयको स्थापना पश्चात् पनि सो कार्यलाई निरन्तरता दिनको लागि देशका विभिन्न स्थानमा खोज तथा अन्वेषण टोली खटाउँदै अभिलेखका उतार सङ्कलन गर्दै आएको छ । यसरी मुलुकभरीबाट सङ्कलन गरिएका लगभग चार हजार शिलालेखका उतारहरू राष्ट्रिय अभिलेखालयमा सङ्ग्रहित तथा सुरक्षित छन् ।

लिच्छवीकालदेखि नै राज्यको केन्द्रबिन्दुको रूपमा रहेको काठमाडौं उपत्यकामा विभिन्न कालखण्डका इतिहास उत्कीर्ण गरिएका अभिलेखहरू रहेका छन् । जबसम्म यस्ता ऐतिहासिक सामग्रीको बारेमा अध्ययन-अनुसन्धानकर्ता वा सरोकारवालाले जानकारी पाउँदैनन् वा उनीहरूको सरल पहुँच स्थापित हुँदैन, तबसम्म अनुसन्धान कार्य फितलो हुन्छ । यसै तथ्यलाई हृदयङ्गम गरी वीर पुस्तकालयले आफ्नो सङ्कलनमा भएका भक्तपुरका अभिलेखहरूको अभिलेखांश विवरण समावेश गरि २०२० सालमा **'भक्तपुरका शिलालेख सूची'** प्रकाशित गरेको थियो । ती अभिलेखहरूको मूलपाठ अनुवाद, लिप्यन्तर र भाषान्तर गर्ने कार्य बाँकी रहेको हुदाँ यस पुस्तकमा भक्तपुरका मध्यकालीन अभिलेखहरूको मुलपाठ अनुवादसहित लिप्यन्तर र भाषान्तर गर्ने कार्य गरिएको छ ।

राष्ट्रिय अभिलेखालयमा सङ्कलित भक्तपुरका शिलालेखहरूमा प्रयुक्त लिपि अधिकांश प्रचलित नेपाल लिपि रहेका छन् भने केही देवनागरी लिपिका पनि छन् । भाषाको दृष्टिकोणबाट हेर्दा नेपाल भाषा, संस्कृत भाषा र नेपाली भाषाका रहेका छन् । यी शिलालेख केही तत्कालीन शासक तथा प्रशासकहरूद्वारा जारी गरिएका छन् भने केही व्यक्तिद्वारा राखिएका छन् । शिलालेखका विषयवस्तुहरू प्रायः मठ, मन्दिर, स्तूप, चैत्य, पाटी, पौवा, धर्मशाला, द्योछे, सत्तल, धारा, जलद्रोणी निर्माण, जीर्णोद्वार स्मारकहरूको मर्मत संभार, मूर्ति स्थापना, दान, पुण्य, नित्य नैमित्तिक पूजा सञ्चानका लागि गुठी जग्गा राखेका विवरण आदि रहेका छन् । शिलालेखका यस्ता विषयवस्तुले नेपालको तत्कालीन समाज र जनजीवनको जीवन्त तस्विर प्रस्तुत गरेका छन् । यसभित्र समावेश भएको केही अभिलेखहरूमा संवत्को उल्लेख अङ्कबाट नभइ शव्दबाट गरिएका छन् ।

नेपाल सरकार, पुरातत्व विभागको तथ्याङ्कअनुसार २०७२ साल वैशाख १२, १३, र २९ गतेको महाभूकम्पले नेपालको २० जिल्लाका ६४५ स्मारकहरूमा क्षति पुगेको थियो । जसमध्ये १३५ वटा पूर्ण रूपमा क्षति भएको, ९७ वटा आंशिक र ५१५ वटा सामान्य क्षति भएको थियो । सो भुकम्पमा धैरे अभिलेखहरू नष्ट हुने, हराउने तथा तत्काल आपत्कालिन उद्धारको क्रममा यथा स्थानबाट अन्यत्र सार्ने आदि जस्ता घटनाहरू पनि भएका थिए । यसै विषयलाई महशुस गरी राष्ट्रिय अभिलेखालयबाट आ.व.२०७४/७५ र आ.व.२०७८/७९ मा भूकम्पबाट क्षति भएका भक्तपुर जिल्लाका ऐतिहासिक स्मारकहरूमा रहेका अभिलेखहरूको लगत सङ्कलन गर्ने कार्य गरिएको थियो ।

यस पुस्तकमा शिलालेखहरूको पछिल्लो पटक गरिएको लगत सङ्कलन विवरणका साथै राष्ट्रिय अभिलेखालयमा सङ्कलन गरि राखिएका शिलालेख उतारहरूको सूचीअनुसार शिलालेखहरू राखिएको वट्टा नं., अभिलेख सङ्ख्या, खाम सङ्ख्या, अभिलेख रहेको स्थान, प्रयुक्त संवत्, लिपि, आकार, पंक्ति सङ्ख्या, सम्भव भए सम्मका शीर्ष चिन्ह, G.P.S location, स्मारकको फोटोचित्र, वर्तमान अभिलेखको फोटोचित्र, राष्ट्रिय अभिलेखालयमा भएको अभिलेख उतारको फोटोचित्रका साथमा अभिलेखको मूलपाठलाई हुबहु लिप्यन्तर गरी सो अभिलेख विषयांशको संक्षिप्त भावार्थ प्रस्तुत गरिएको छ ।

विषेशगरी शिलालेख रहेको स्थानसम्मको पहुँच नभएका एवं त्यसको लिपि र बिषयको बारेमा जानकारी लिन चाहने अध्ययन अनुसन्धानकर्तालाई सहजता हुने ध्येयले यो पुस्तक तयार गरिएको हो । यो कार्यले यस विषयमा चासो राख्ने जिज्ञासुहरूलाई तत्कालीन विविध विषयका बारेमा अध्ययन, अनुसन्धान गर्न सहयोग पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

अन्त्यमा, यो पुस्तक प्रकाशनमा आफ्नो अमूल्य समय प्रदान गरी सम्पूर्ण अभिलेखहरूको मुलपाठ विवरण सहित तिनको लिप्यन्तर र भाषान्तरण गरि पुस्तक सम्पादन गर्नुहुने लिपि विषेशज्ञ श्री श्यामसुन्दर राजवंशी र २०७२ सालको महाभूकम्पबाट भक्तपुरमा रहेका अभिलेखात्मक सम्पदाहरूमा पुगेको क्षति तथा अवस्थाको लगत विवरण सङ्कलन गर्नुहुने पुरातत्वविद् प्रकाश दर्नाल र सहयोगी कुलनाथ के.सी प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यो पुस्तक सम्पादनको क्रममा मानवीय कमजोरीका कारण केही त्रुटि भएका हुन सक्दछन् । त्यस्ता त्रुटि वा अशुद्धिलाई विद्वानवर्ग एवं अनुसन्धानकर्ताहरूले औंल्याइ दिनुभएमा त्यसलाई यस पछिका संस्करणमा संशोधन सहित प्रकाशित गर्ने वाचा गर्दै पाठक वर्गहरूबाट रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

रज्जु हाडा
अभिलेख अधिकृत

विषय सूची

क्र.सं.	अभिलेख संख्या	मिति ने.सं.	अभिलेख रहेको स्थान	पेज नं.
१	१०	२८३	भक्तपुर टौमढी टोल, तिलमाधव नारायण मन्दिरको गरूड स्तम्भ अभिलेख	१
२	११	२९६	भक्तपुर चाँगुनारायण मन्दिरको आग्नेयकोणको गणेश मुर्तिको पादपीठमा रहेको शिलालेख	३
३	१२	५४२	भक्तपुर क्वाठन्डौ टोलको पोखरीनेर सूर्य मन्दिरमा रहेको शिलालेख	५
४	१३	-	भक्तपुर तचपाल टोल नारायण मन्दिरको शिलालेख	६
५	१४	५५७	भक्तपुर ठिमी, सिवा टोल, वाकाछें महादेव मन्दिरको शिलालेख	७
६	१५	५६०	भक्तपुर टौमढी टोल, तिलमाधव नारायण मन्दिरको इशान कोणको नवग्रह मन्दिर अगाडि रहेको शिलालेख	९
७	१६	५७३	भक्तपुर स्वर्णद्वारको पश्चिम भित्तामा रहेको शिलालेख	११
८	१७	५८८	भक्तपुर त्रिपुरासुन्दरी टोल धारानेरको पाटीको शिलालेख	१३
९	१८	६२४	भक्तपुर तचपाल टोल महादेव मन्दिरको शिलालेख	१५
१०	२१	६४३	भक्तपुर थालाछें टोल महालक्ष्मीस्थान धाराको शिलालेख	१७
११	२३	६७२	भक्तपुर त्रिपुरासुन्दरी टोल पाटीको शिलालेख	१८
१२	२५	७०३	भक्तपुर त्रिपुरासुन्दरी टोल चैत्यको शिलालेख	१९
१३	२६	७०६	भक्तपुर ठिमी देगु टोल भैरव मन्दिरको डवलीको शिलालेख	२१
१४	२७	-	भक्तपुर ठिमी इनाय टोल नारायण मन्दिरको शिलालेख	२३
१५	२९	-	भक्तपुर (टोलको नाम अज्ञात)	२५
१६	३०	७२३	भक्तपुर सुकुलढोका गुरूवाहाल (भिमसेन मन्दिर/लुं विहार) भित्रको शिलालेख	२६
१७	३१	७२४	भक्तपुर क्वाठन्डौ टोल बौद्ध देवताको ढोकानेर रहेको शिलालेख	२८
१८	३२	७४१	भक्तपुर इनाचो टोल महादेव मन्दिरको शिलालेख	३०
१९	३३	७५०	भक्तपुर सिद्धपोखरीको पाटीमा रहेको शिलालेख	३१
२०	३४	७५०	भक्तपुर क्वाठन्डौ टोल बौद्ध देवताको ढोकानेर रहेको शिलालेख	३३
२१	३५	७५८	भक्तपुर ठिमी स्वंग पुखु टोल पोखरीनेर मन्दिरको शिलालेख	३५
२२	३६	७६३	भक्तपुर बोडे तँको टोल कालिका मन्दिर भित्रको शिलालेख	३६
२३	३८	७७१	भक्तपुर महाकाली थान धाराको शिलालेख	३७
२४	३९	७८२	भक्तपुर दरबार क्षेत्र यन्त्रबत्सला मन्दिरको उत्तरतर्फ भित्तामा रहेको शिलालेख	३९
२५	४०	७८२	भक्तपुर दरवार सुनढोका अगाडि भवानी शंकर मन्दिरको शिलालेख	४२
२६	४१	७८७	भक्तपुर खौमा टोलमा देवलको पेटीमा रहेको शिलालेख	४४
२७	४२	७८२	भक्तपुर दरबार च्यासिंदेगको पूर्व पेटीमा रहेको शिलालेख ।	४७
२८	४३	७९४	भक्तपुर थथुवहि (ज्ञानविजय आधारभुत विद्यालय) क्वापालदेवताको घरको भित्तामा रहेको शिलालेख	४९
२९	४४	७९७	भक्तपुर दरवार कुमारीचोकको शिलालेख	५१
३०	४५	७९८	भक्तपुर रानीपोखरी प्रवेशद्धारको पाटीमा रहेको शिलालेख	५३
३१	४६	७९८	भक्तपुर दरवार विद्यार्थी निकेतन स्कुल प्रवेशद्धारको बाया तर्फको ढुंगेधारामा रहेको शिलालेख	५५

क्र.सं.	अभिलेख संख्या	मिति ने.सं.	अभिलेख रहेको स्थान	पेज नं.
३२	४७	८०३	भक्तपुर दरवार तव सत्तलमा रहेको शिलालेख	५८
३३	४९	८०८	भक्तपुर ठिमी पिठु गाउँ कालभैरव मन्दिरको शिलालेख	६०
३४	५०	८०८	भक्तपुर ठिमी देगुवहाल (गुणकिर्ति महाविहार) भित्र रहेको शिलालेख	६१
३५	५१	८०८	भक्तपुर दरवार भित्र सुनधाराको उत्तर तर्फ सत्तल भित्रको शिलालेख	६३
३६	५२	८१४	भक्तपुर चाँगुनारायण मन्दिर परिसर पेटीमा रहेको शिलालेख	६७
३७	५३	८१०	भक्तपुर बोडे तँको टोल कालिका मन्दिरको शिलालेख	७०
३८	५४	८१७	भक्तपुर ठिमि क्वालाखु टोल इनारनिर पर्खालमा रहेको शिलालेख	७२
३९	५५	८१८	भक्तपुर दरवार सिंहचोकको (मालतीचोक) शिलालेख	७४
४०	५६	८१८	भक्तपुर दरवार सिंहचोकको (मालतीचोक) शिलालेख	७७
४१	५७	८२२	भक्तपुर ठिमि इनायचो टोल सिद्धिकाली मन्दिरसंगैको दलानमा रहेको शिलालेख	८०
४२	५९	८२८	भक्तपुर जेलाँ तँलाछे टोलको पाटीको शिलालेख	८२
४३	६१	८२५	भक्तपुर जेलाँ टोल नारायण मन्दिरसंगै पाटीको शिलालेख	८४
४४	६२	८३१	भक्तपुर ठिमि इनाय टोल सिद्धिकाली देवी मन्दिरसंगै पाटीको शिलालेख	८६
४५	६३	८३२	भक्तपुर ठिमि दथुवहालभित्र क्वापालदेवताका घरको शिलालेख	८८
४६	६४	८३३	भक्तपुर क्वाछे टोल भगवती थान पाटीको शिलालेख ।	९०
४७	६५	८३४	भक्तपुर ठिमि दथुवहाल भित्र क्वापालदेवताको घरको शिलालेख	९२
४८	६७	८३८	भक्तपुर टौमढी टोल भैरव मन्दिरको शिलालेख	९४
४९	६८	.	भक्तपुर ठिमि बपा टोल बपा महादेव मन्दिरको शिलालेख	९७
५०	६९	८४१	भक्तपुर ठिमि बपा टोल बपामहादेव मन्दिरनेर पाटीको शिलालेख	९९
५१	७०	८४१	भक्तपुर ठिमि क्वालाखु पाटीको शिलालेख ।	१०१
५२	७१	.	भक्तपुर तचपाल टोल पुजारी मठ भित्रको शिलालेख	१०३
५३	७२	८४३	भक्तपुर ठिमी गुंगची वहाल टोल अगाडि पाटीको शिलालेख	१०५
५४	७४	८४८	भक्तपुर चासुखेल टोल चण्डेश्वरी देवीको घरको शिलालेख	१०६
५५	७५	८४९	भक्तपुर ठिमी सोंग टोल इनारनेर पाटीको शिलालेख	१०७
५६	७७	८५४	भक्तपुर ठिमि तछु टोल दामोदरनारायण मन्दिर अगाडि पाटीमा रहेको शिलालेख	१०८
५७	७८	८५४	भक्तपुर क्वाछे टोल भगवती मन्दिरको शिलालेख	११०
५८	८०	८६१	भक्तपुर हनुमानघाटपारि सत्तलको शिलालेख	११२
५९	८१	८६१	भक्तपुर हनुमानघाटपारि नारायण मन्दिरको खण्डित शिलालेख	११४
६०	८२	८६१	भक्तपर जेलाँ टोल पाटीको शिलालेख	११६
६१	८३	८६२	भक्तपुर बोलाछें टोल जंगम मठ चोक भित्रको शिलालेख	११८
६२	८४	८६२	भक्तपुर खोलापारि वाराही स्थानको पाटीको शिलालेख	१२१
६३	८५	८६६	भक्तपुर खोलापारि माहेश्वरी देवी थानको पाटीको शिलालेख	१२३
६४	८६	८६८	भक्तपुर ठिमी भुलाँखेल टोल नित्यनाथ मन्दिरको शिलालेख	१२५
६५	८७	८६८	भक्तपुर कुथुवही भित्र रहेको शिलालेख	१२७

क्र.सं.	अभिलेख संख्या	मिति ने.सं.	अभिलेख रहेको स्थान	पेज नं.
६६	८८	८६८	भक्तपुर कुथुवही भित्र रहेको शिलालेख	१२९
६७	८९	८६८	भक्तपुर क्वाठण्डौ टोल सन्यासी मठको शिलालेख	१३१
६८	९२	८७२	भक्तपुर ठिमी क्वालाखु टोल पाटीको शिलालेख	१३४
६९	९३	८७३	भक्तपुर कुमाल टोल गोरखनाथ मन्दिरको शिलालेख	१३६
७०	९४	८७३	भक्तपुर चतुरब्रम्ह महाविहार भित्र क्वापाल देवताको शिलालेख	१३८
७१	९५	८७३	भक्तपुर ठिमी भुलांखेल टोल नित्यनाथ मन्दिरको शिलालेख	१४०
७२	९६	८७७	भक्तपुर तचपाल टोल पोखरीनेर मठ भित्र छिडीको शिलालेख	१४२
७३	९७	८८३	भक्तपुर जेलाँ टोल खोलावारी पुलनिर पाटीको शिलालेख	१४५
७४	९८	८८४	भक्तपुर ठिमि जलखु टोल दलानको शिलालेख	१४७
७५	९९	८८४	भक्तपुर सूर्यमढी, तँलाछें टोल गणेश थान पाटीको शिलालेख	१४९
७६	१००	८८८	भक्तपुर क्वाठन्डौ टोल मठको शिलालेख	१५१
७७	१०१	६२०	भक्तपुर चाँगुनारायण न.पा बालागाउ इपाटोल धारानिर गणेशको पादपीठ अभिलेख	१५४
७८	१०४	६९६	भक्तपुर थालाछें टोल चमार (नाग) पोखरीनिर चैत्यको खण्डित शिलालेख	१५५
७९	१०७	७३४	भक्तपुर क्वाठण्डौ टोल वसु वहाल (मञ्जुवर्ण महाविहार) भित्र दलानको शिलालेख	१५७
८०	१०८	७३४	भक्तपुर तुपलाछें (सुकुलढोका) टोल गुरूवहाल भित्र दलानको शिलालेख	१५९
८१	११०	७४७	भक्तपुर लाकुलाछें इनारको पाटीको शिलालेख	१६०
८२	१११	७५१	भक्तपुर वाकुपति नारायण सडकको शिलालेख	१६१
८३	११३	७५३	भक्तपुर थालाछें टोल नागपोखरी नारायण मन्दिरको शिलालेख	१६२
८४	११४	७५८	भक्तपुर बोडे विष्णुघाट डवलीमा पूर्व तर्फ रहेको शिलालेख	१६४
८५	११६	७६५	भक्तपुर गोलमढी टोल गणेश मन्दिरको शिलालेख	१६६
८६	११७	७६७	भक्तपुर तँलाछें टोल (सुर्यमढी) धारा निर पाटीमा रहेको शिलालेख	१६८
८७	११८	७७१	भक्तपर इनद्रायणी देवीथानको दायाँ सिंहको आसनको शिलालेख	१६९
८८	११९	७७१	भक्तपर कुमाल टोल गोरखनाथ गणेश मन्दिरभित्रको शिलालेख	१७०
८९	१२१	७७२	भक्तपुर नगदेश बाखा बजार पोखरीनेर पाटीको शिलालेख	१७१
९०	१२३	७७४	भक्तपुर ठिमी चपाचो टोल गणेश मन्दिर भित्रको शिलालेख	१७२
९१	१२४	७७५	भक्तपुर कमलपोखरी कमलविनायक मन्दिरको शिलालेख	१७३
९२	१२६	७७६	भक्तपुर ठिमी देगु टोल सडकनेर पाटीको शिलालेख	१७५
९३	१२७	७७७	भक्तपुर बोलाछे अंकबाहा (अखण्डशिल महाबिहार) क्वापाल देवताको शिलालेख	१७७
९४	१२८	७७७	भक्तपुर महाकालीवन बगैंचा धारानिरको शिलालेख	१७९
९५	१२९	७७७	भक्तपुर बोडे वोइमील (वजीमील) टोल इनारनिर पाटीको शिलालेख	१८१
९६	१३०	७७८	भक्तपुर सिद्धपोखरी पश्चिम ढोका भित्र बायाँतर्फको शिलालेख	१८२
९७	१३१	७७९	भक्तपुर साकोलान भैरव मन्दिरको शिलालेख	१८३
९८	१३२	७७९	भक्तपुर ठिमी देगु टोल भैरव मन्दिरको शिलालेख	१८५
९९	१३३	७७९	भक्तपुर चाँगु जाने बाटोमा इन्द्रेश्वर मन्दिरको शिलालेख	१८६

क्र.सं.	अभिलेख संख्या	मिति ने.सं.	अभिलेख रहेको स्थान	पेज नं.
१००	१३५	७८४	भक्तपुर चाँगुनारायण मन्दिरको उत्तरतर्फ जलद्रोणीमा रहेको शिलालेख	१८९
१०१	१३६	७८६	भक्तपुर ठिमि इनाय टोल सिद्धिकाली देवी थान चौरको शिलालेख	१९०
१०२	१३७	७८६	भक्तपुर ठिमि सिवा टोल वाकछे महादेव मन्दिरको डवलीमा रहेको शिलालेख	१९१
१०३	१३८	७८७	भक्तपुर गोलमढी टोल गणेश मन्दिरको दक्षिणतर्फ पाटीको पेटीमा रहेको शिलालेख	१९३
१०४	१४०	७८९	भक्तपुर गोलमढी टोल चैत्यको पश्चिमतर्फ रहेको शिलालेख	१९५
१०५	१४३	७९३	भक्तपुर दरवार क्षेत्रको विजुक्छे आगम घरको शिलालेख	१९७
१०६	१४५	७९३	भक्तपुर जेलाँ टोल गणेशथानको जलद्रोणीमा रहेको शिलालेख	१९८
१०७	१४६	७९४	भक्तपुर ठिमि पतसी टोल गणेश मन्दिरमा रहेको शिलालेख	१९९
१०८	१४९	७९६	भक्तपुर ठिमी इनायाचो टोल सिद्धिकालीदेवी मन्दिर भित्र रहेको शिलालेख	२००
१०९	१५०	७९७	भक्तपुर ठिमी इनायाचा टोल खोलापारि ठुलो भगवान अगाडी पाटीमा रहेको शिलालेख	२०१
११०	१५१	७९७	भक्तपुर गोलमढी याटा टोल धारासंगै पाटीमा रहेको शिलालेख	२०२
१११	१५२	७९८	भक्तपुर यसिंखेल पुलनिर पाटीमा रहेको शिलालेख	२०४
११२	१५५	८००	भक्तपुर चुपींघाटको दक्षिणपट्टी पाटीमा रहेको शिलालेख	२०५
११३	१५७	८००	भक्तपुर थाछे पिथुवहि टोल महादेव मन्दिरनेर पाटीमा रहेको शिलालेख	२०६
११४	१५९	८०२	भक्तपुर क्वाठण्डौं टोल चोकको चैत्यनेर पर्खालमा रहेको शिलालेख	२०७
११५	१६०	८०२	भक्तपुर जेलाँ टोल खोलावारी पुलनेर पाटीमा रहेको शिलालेख	२०९
११६	१६१	८०५	भक्तपुर महाकालीवन कालीका थानको पाटीमा रहेको शिलालेख	२१०
११७	१६२	८०५	भक्तपुर निलवाराही मन्दिरमा रहेको शिलालेख	२१२
११८	१६३	८०६	भक्तपुर बोडे वाकोचो टोल गणेश मन्दिरको शिलालेख	२१३
११९	१६७	८१२	भक्तपुर महाकाली थानमा रहेको शिलालेख	२१४
१२०	१७०	८१७	भक्तपुर बोडे खासी टोल निलवाराही मन्दिरमा रहेको शिलालेख	२१६
१२१	१७१	८२०	भक्तपुर जेलाँ टोल भैरवस्थानको पर्खालमा रहेको शिलालेख	२१८
१२२	१७२	८२५	भक्तपुर बोडे लाछि टोल महालक्ष्मी जाने बाटोमा पाटीको शिलालेख	२१९
१२३	१७३	८२६	भक्तपुर गोलमढी टोल वीरभद्र मन्दिरनेर पाटीको शिलालेख	२२०
१२४	१७४	८२६	भक्तपुर ठिमी लाभा टोल धारानेरको पाटीको शिलालेख	२२१
१२५	१७५	८२७	भक्तपुर यसिंखेल खोलापारि भीमसेन मन्दिर अगाडिको शिलालेख	२२२
१२६	१७६	८३०	भक्तपुर नासमना मलाखु गणेशसंगैको घर भित्र चैत्यमा रहेको शिलालेख	२२४
१२७	१७७	८३०	भक्तपुर तचपाल टोल तजा मठ भित्र रहेको शिलालेख	२२६
१२८	१७८	८३१	भक्तपुर ठिमि इनाय टोल पोखरीनेर पाटीमा रहेको शिलालेख	२२८
१२९	१७९	८३२	भक्तपुर नीलवाराही मन्दिरको शिलालेख	२२९
१३०	१८०	८३२	भक्तपुर चछे टोल पोखरीनेर पाटीका शिलालेखे	२३०
१३१	१८२	८३३	भक्तपुर अनन्तलिङ्गेश्वरको आग्नेयकोण शिव देवलको भित्तामा रहेको शिलालेख	२३१
१३२	१८३	८३२	भक्तपुर गोलमढी टोल सडकनेरको पाटीको शिलालेख	२३३
१३३	१८४	८३३	भक्तपुर इन्द्रायणी पीठको बायाँ सिंहको आसनमा रहेको शिलालेख	२३४

क्र.सं.	अभिलेख संख्या	मिति ने.सं.	अभिलेख रहेको स्थान	पेज नं.
१३४	१८९	८३६	भक्तपुर ठिमि लाभा टोल धारानेर पाटीमा रहेको शिलालेख	२३५
१३५	१९०	८३७	भक्तपुर ठिमि पोबु बाहाननी टोल खेतमुनी पाटीको शिलालेख	२३६
१३६	१९३	८४२	भक्तपुर बोडे ब्रह्म टोल पोखरीनेर पाटीमा रहेको शिलालेख	२३७
१३७	१९५	८४४	भक्तपुर जेलँ टोल भैरवस्थान पर्खालमा रहेको शिलालेख	२३९
१३८	१९७	८४६	भक्तपुर ठिमी इनाय टोल नारायण मन्दिरनेर पाटीको शिलालेख	२४०
१३९	१९८	८४७	भक्तपुर महाकाली पीठ पाटीको शिलालेख	२४२
१४०	२००	८५०	भक्तपुर बोडे देउसीढोका विहारसंगै ढलान पाटीमा रहेको शिलालेख	२४३
१४१	२०१	८५२	भक्तपुर ठिमि लाभा टोल धारानेर पाटीको शिलालेख	२४५
१४२	२०२	८५३	भक्तपुर ठिमि दिगु टोल इनारनेर दलानमा रहेको शिलालेख	२४७
१४३	२०५	८५४	भक्तपुर बोडे देहबुटोल नारायण मन्दिरको शिलालेख	२४८
१४४	२०७	८५५	भक्तपुर हनुमानघाटपारि नारायण मन्दिर अगाडि गरूड स्तम्भ अभिलेख	२५०
१४५	२०८	८५५	भक्तपुर तचपाल टोल पोखरीको पश्चिम चैत्यसंगैको शिलालेख	२५१
१४६	२०९	८५५	भक्तपुर क्वाठण्डौं टोल चोक भित्र चैत्यसंगै पर्खालमा रहेको शिलालेख	२५३
१४७	२१०	८५८	भक्तपुर ठिमी इनाय टोल दुइपोखरीनिर चैत्यको शिलालेख	२५५
१४८	२११	८६०	भक्तपुर इताछें टोल ओरालोको आधारभुत विद्यालयसंगैको पाटीको शिलालेख	२५७
१४९	२१२	८६२	भक्तपुर तचपाल टोल थालाछें चोकको चैत्यको शिलालेख	२५९
१५०	२१३	८६३	भक्तपुर माहेश्वरीदेवीथान पाटीको शिलालेख	२६०
१५१	२१४	८६३	भक्तपुर यसिंलेख खोलापारि भिमसेनथानको पाटीको शिलालेख	२६२
१५२	२१६	८६४	भक्तपुर तचपाल टोल चोकको चैत्यनिर पर्खालको शिलालेख	२६३
१५३	२१८	८६५	भक्तपुर चासुखेल टोल चण्डेश्वरी मन्दिर अगाडि पाटीको शिलालेख	२६५
१५४	२१९	८६५	भक्तपुर सूर्यमढी टोल वाकुपती नारायण चोकको पाटीको शिलालेख	२६६
१५५	२२१	८६८	भक्तपुर ठिमी भुलांखेल टोल मन्दिरनेर पाटीको शिलालेख	२६८
१५६	२२२	८६८	भक्तपुर गछें टोल कुमारी धाराको शिलालेख	२७०
१५७	२२३	८६९	भक्तपुर नासमना टोल कलधारानिर पाटीको शिलालेख	२७१
१५८	२२४	८७०	भक्तपुर क्वाठण्डौ टोल चोकको चैत्यनेर पर्खालको शिलालेख	२७२
१५९	२२५	८७५	भक्तपुर ठिमी भुलांखेल टोल मन्दिरनेर पाटीको शिलालेख	२७४
१६०	२२७	८७८	भक्तपुर किजा टोल पाटीको शिलालेख	२७५
१६१	२२८	८७८	भक्तपुर सुर्यमढी टोल नारायण चोकको पाटीको शिलालेख	२७६
१६२	२२९	८७९	भक्तपुर क्वाठण्डौ टोल नृत्यनाथ पाटीको शिलालेख	२७७
१६३	२३०	८७९	भक्तपुर ठिमी इनाय टोल पोखरीनेर पाटीको शिलालेख	२७८
१६४	२३२	८८०	भक्तपुर ठिमी इनाय सिद्धिकाली देवीथान पाटीको शिलालेख	२७९
१६५	२३४	८८२	भक्तपुर कुमाल टोल गोरखनाथथानको पाटीको शिलालेख	२८१
१६६	२३५	८८३	भक्तपुर तचपाल टोल गोरखनाथ मठभित्र रहेको शिलालेख	२८२
१६७	२३६	८८७	भक्तपुर क्वाठण्डौ टोल नृत्यनाथथानको पाटीको शिलालेख	२८४

क्र.सं.	अभिलेख संख्या	मिति ने.सं.	अभिलेख रहेको स्थान	पेज नं.
१६८	३५१	८८१	भक्तपुर जयलक्ष्मी (महालक्ष्मी) थानको शिलालेख	२८५
१६९	३५२	८०८	भक्तपुर ठिमी त्वछु टोल भैरब मन्दिरको दाँयापट्टिको शिलालेख	२८६
१७०	३५३	७६९	भक्तपुर ठिमी इनाय टोल भवानीशंकर मन्दिरको शिलालेख	२८७
१७१	३५४	-	भक्तपुर ठिमी इनाय टोल नारायण मन्दिर अगाडि चैत्यको शिलालेख	२८८
१७२	३५५	-	भक्तपुर तचपाल टोल मठ भित्रको शिलालेख	२८९
१७३	३५६	-	भक्तपुर गुण्डु गाउँ वन भित्र अनन्त लिङ्गेश्वर अगाडिको सिंहनेरको शिलालेख	२९१
१७४	३५८	-	भक्तपुर ठिमी इनाय टोल पोखरीनेर चैत्यको शिलालेख	२९२
१७५	३५९	-	भक्तपुर ठिमीगाउँ वाकाछे टोल गणेश मन्दिरनेर घरको दलानमा रहेको शिलालेख	२९३
१७६	३६०	-	भक्तपुर गुंडु वसिडोल अनन्तलिङ्गेश्वर वनमुनि पौवाको शिलालेख	२९४
१७७	३६१	-	भक्तपुर ठिमीगाउँ सिवा टोल वाकछें महादेव मन्दिरको खण्डित शिलालेख	२९६
१७८	३६२	-	भक्तपुर ठिमी भुलांखेल टोल मन्दिरनेर पाटीको शिलालेख	२९७
१७९	३६३	-	भक्तपुर तचपाल टोल महादेव मन्दिरनेर पाटीको शिलालेख	२९८
१८०	३६५	-	भक्तपुर खोलापारि वाराहीथान सिंहनेरको शिलाभिलेख	२९९
१८१	३६६	-	भक्तपर थालाछें टोल महालक्ष्मी मन्दिरनेरको शिलालेख	३००
१८२	३६७	-	भक्तपुर यसिंखेल खोलापारि भीमसेन अगाडि इष्टदेवता थानको शिलालेख	३०१
१८३	३६९	-	भक्तपुर दरबारभित्र डुयमाजु देवताको बहालको शिलालेख	३०२
१८४	३७१	-	भक्तपुर चौरपुर गामचा बाटोको पाटीमा रहेको शिलालेख	३०३
१८५	३७२	-	भक्तपुर चौरपुर हिटिडोल बाटोमा रहेको पाटीको शिलालेख	३०४
१८६	३७३	-	भक्तपुर जेलाँ टोल श्वेतभैरवथान पर्खालको खण्डित शिलालेख	३०६
१८७	३७६	-	भक्तपुर जेलाँ टोल कलधारानिर पाटीको शिलालेख	३०७
१८८	३७७	-	भक्तपुर क्वाठण्डौ टोल पशुबहालभित्र चैत्यका खण्डित शिलालेख	३०८
१८९	३७९	-	भक्तपुर क्वाठण्डौ टोल चोकभित्र पर्खालको शिलालेख	३०९
१९०	३८०	-	भक्तपुर जेलाँ टोल खोलावारी पाटीको शिलालेख	३११
१९१	३८२	-	भक्तपुर चौरपुर गाउँ (चित्रपुर) गणेश मन्दिर भित्रको शिलालेख	३१२
१९२	३८४	-	भक्तपुर ठिमी नीलवाराहीनेर पाटीको शिलालेख	३१३
१९३	३८८	-	भक्तपुर बोडे गाउँ चैत्यको शिलालेख	३१५
१९४	३९६	८६८	भक्तपुर ठिमी बुदेगाउँ विष्णुघाट टोल पाटीको भित्तामा रहेको शिलालेख	३१६
१९५	४०७	६२५	भक्तपुर चांगुनारायण मन्दिर पछाडि खरिको बोटमुनि ईटाको मूर्तिको पादपीठ अभिलेख	३१७
१९६	४०९	८१४	भक्तपुर चांगुनारायण मन्दिर अगाडिको सत्तलको भित्तामा रहेको शिलालेख	३१८
१९७	४११	८४९	भक्तपुर चांगुनारायण मन्दिर बाहिर दक्षिण ढोकाको ताम्रपत्र	३२१

क्र. सं. १ **बट्टा नं : २** **अभिलेख नं : १०** **खाम नं : १**

अभिलेख रहेको स्थान : भक्तपुर टौमढी टोल, तिलमाधव नारायण मन्दिरको गरूड स्तम्भ अभिलेख ।

संवत् : ने.सं. २८३ **लिपि :** प्राचिन नेवारी **आकार :** ३३ × ३५ से.मी.

शीर्ष चिन्ह : नभएको **पंक्ति नं :** १८ **अभिमुख :** पश्चिम

G.P.S. : 27°40'14.8" north 85°25'45.1" east

कैफियत : तेल र अविर पोतिएकोले अक्षरहरू अस्पष्ट भएको ।








Himalayan Bank Limited
हिमालयन बैंक लिमिटेड
Nyatapola Temple
न्यातपोल
Taumadhi Square

CC-0. Nepal Sansk my, Kathmandu Collection

लिप्यन्तर

१. ॐ स्वस्ति ।। क्षीरोदाम्बुनिधौ विधाय रभसात् क्षुब्धं गिरि मन्दरं
२. संभूता कमलालय प्रमथिते देवासुरैर्विश्वतः । संवी
३. क्ष्य स्वधिया विचिन्त्य च मुहुर्देवेषु सर्वात्मना श्रेष्ठोसावि
४. ति यं गता स जगतां कुर्यात्छियं माधवः । यः पारिजा
५. ततरूमानयति स्म भर्तुर्लक्ष्मीपतेरसुरकाननधूमकेतोः
६. कर्तुं प्रमोदमवमत्य समस्तदेवान् देयाछुभं स जगतां विन
७. तातनूजः । पृथ्वी नृपे सकललोकहृदम्बुहंसे युक्त्या प्रशा
८. सति रिपुद्विपकेशरीन्द्रे । वित्ते गुणैर्जगति चन्द्रकलाव
९. दातैः श्य्रानन्ददेव इति सूर्यकुलप्रदीपे ।। नप्त्रा सज्जन
१०. चित्तकैरवविधो : सम्पद्दयाशालिनः श्रीमद्रामुनिसंज्ञित
११. स्य विहिता पुत्रेण पुण्यात्मनः । अर्च्चा श्रीपतिमाधवस्य प
१२. रया सम्प्राप्तुमुच्चैः पदं भक्त्या श्री गरूडस्य शंकर इति
१३. ख्यातेन भूमण्डले । पत्न्या सहानिन्द्यचरित्रवत्या कलं
१४. कहीनोदुपबिम्बकान्तं । वक्त्रं दधत्या हृदयं क्षिपन्त्या नि
१५. रूत्तरे श्रेयसि तेजलक्ष्मयां ।। समाशतद्वये प्राप्ते वसुव
१६. न्हिसमायुते । कृष्णाष्टम्यां कृता ज्येष्ठे प्रशस्तिः सोमवास
१७. रे । विद्वतोदयचन्द्रेण सेवायै कमलापतेः । पूजि
१८. रे वाक्यपुष्पेण मुदमेति हि केशवः ।। ० ।।

भाषान्तर

राजा आनन्देवको प्रशस्ति ।

सूर्यवंशका वत्ती जस्ता राजा श्री आनन्ददेवले राज्य गरिरहनु भएको बेलामा शंकरले यो गरूड ध्वज सहितको प्रतिमा स्थापना गरियो । उनका पत्नी तेजलक्ष्मीसँगै भई विष्णु मूर्ति समेत स्थापना गरियो । नेपाल संवत् २८३ (विक्रम संवत् १२१९) ज्येष्ठ कृष्ण अष्टमी सोमबारको दिन विद्धान् उदयचन्द्रले विष्णुलाई प्रसन्न पार्न यो प्रशस्ति लेख रचना गरियो ।

CC-0. Nepal Sanskrit Ac athmandu Collection

क्र. सं. २ **बट्टा नं : २** **अभिलेख नं : ११** **खाम नं : २**

अभिलेख रहेको स्थान : भक्तपुर चाँगुनारायण मन्दिरको आग्नेयकोणको गणेश मुर्तिको पादपीठमा रहेको शिलालेख ।

संवत् : ने.सं. २९६ **लिपि :** प्राचिन नेवारी **आकार :** ४० × ६ से.मी.

शीर्ष चिन्ह : नभएको **पंक्ति नं :** हाल देखिने ३ **अभिमुख :** उत्तर

G.P.S. :

कैफियत : तेल र अविर पोतिएकोले अक्षरहरू अस्पष्ट तथा एक पत्ती पुरीएको ।





Changunarayan Temple
चाँगुनारायण मन्दिर





लिप्यन्तर

१. स्वस्ति । ऋतुग्रहसमायुक्ते सम्वत्सरशतद्वये । ज्येष्ठमासासिताष्टम्यां राज्ये श्रीमृत भूपते : ॥
२. भ्रातुर्विजयदेवस्य स्वर्ग्गसंप्राप्तिहेतवे । श्री विशाखादिदेवेन जनन्या मधुकश्रियः ॥ ० ॥
३. आज्ञां स्रजमिवाधाय मूर्ध्ना दोलाचल स्थितेः । कृष्णस्य विधिवद् भक्त्या विष्णोरर्चा निवेदिता ॥
४. पुण्येनानेन लोकोयं सुखी भवतु सर्व्वदा । परार्थकरणायैव प्रवृर्त्तिर्हिमहात्मनां ॥ ० ॥

भाषान्तर

कल्याण होस् । नेपाल संवत् २९६ (विक्रम संवत् १२३२) ज्येष्ठ कृष्ण अष्टमीको दिन । राजा श्री अमृतदेवको राज्यकालमा श्रीविशाखादेवले आफ्नो आमा मधुकश्रीको आज्ञा शिरोधार्य गरी दिवंगत आफ्नो भ्राता विजयदेवको आत्माले स्वर्ग प्राप्ति गरून् भनी भगवान् विष्णु माथि भक्तिभाव राखी यस दोलाचल पर्वत (चाँगु)मा विधिपूर्वक श्रीकृष्णको मूर्ति स्थापना गरियो । यस पुण्यबाट लोक सबैले सुख शान्ति पाऊन् । महान आत्माको यस्ता कार्यले अरूको हित भलाई नै हुनेगर्छ ।

CC-0. Nepal Sanskrit A Kathmandu Collection

क्र. सं. ३ **बट्टा नं : २** **अभिलेख नं : १२** **खाम नं : ३**
अभिलेख रहेको स्थान : भक्तपुर क्वाठन्डौ टोलको पोखरीनेर सूर्य मन्दिरमा रहेको शिलालेख ।
संवत् : ने.सं. ५४२ **लिपि :** प्राचिन नेवारी **आकार :** २७ × २५ से.मी.
शीर्ष चिन्ह : फूलहरूबिचमा डण्ठ **पंक्ति :** १९ **अभिमुख :**
G.P.S. :
कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।



लिप्यन्तर

१. ॐ नमः सून्याय ।। त्रैलोक्य नेत्र मखिलं तिमिरोघहारं, सप्ता
२. श्वयानगमनं किरणाधिपेशं ।। सिन्दूरसन्निभतनुंग्रहरा
३. जमादौ श्रीपद्मपाणिमधुना सततं नमामि ।। १ स्वस्ति
४. काष्ठायां परितः स्थितश्च नृपतेर्मौलेमणि रञ्जितं पा
५. दाब्जंशकलार्तिहारणकृतं तत्पादसंप्राप्तवान् । राज्ये
६. तस्य च जोतिमल्लनृपतेः संसारदेवीपतेः सांतिन्याय घने
७. कपूरितवरे भक्तापुरीपट्टने ।। एषा मार्त्तण्ड भक्तिः कु
८. लतिलकवपुर्वाद्यविद्यावरिष्ठा मातुः कुक्षेः पवित्री पितरजन हृदा
९. नन्दसंजातकारी । नामोयं तेजब्रह्मो दृशदरवितनुः कारितः ।
१०. स्थापनीया श्रद्धा कार्यादि सर्व्वे नियतमतिशयः पुण्यवान् साधु
११. चित्तः ।। नेपालहायनगते द्वयवेदभूते शुक्रे च शुक्लतिथि
१२. के रवि संज्ञके च । पूर्ण्ण करोति सप्तमीव्रतराजमत्र पाषाण
१३. भास्कररथं परिपूजयित्वा ।। सुपुण्यत्रऋद्धया प्रभवन्तु लक्ष्मी
१४. रायुराज्य धन धान्य संपूर्ण्ण शश्य भूरारोग्य (१ २ ३)
१५. (१) धि वर्षन्तु मेघाः समये धरित्र्या : ।। यावन्मेरूस्थि
१६. न तो (१ २ ३ ४ ५ ६ ७ ८ ९ १०) न त (१) ताव पाषण सोयं
१७. स्थितो भवतु (१ २ ३ ४ ५ ६)तेजब्रममूलमी (१ २ ३) श्री
१८. लक्ष्मी भिनक (१ २ ३ ४ ५ ६ ७ ८) ।। ।। सम्वत् ५४२ जे
१९. ष्ठशुक्लसप्तम्यां (१ २ ३ ४ ५ ६) योगे बुद्धबार ।। शुभ ।।

भाषान्तर

ॐ सूर्यलाई नमस्कार ।। तीनै लोकलाई देख्ने नेत्र भएका, सारा अन्धकारलाई हरण गर्न सक्ने, सातघोडाले तान्ने रथ चढ्ने, प्रकाशका मालिक, सिन्दूरजस्ता राता देह भएका, ग्रहहरूका राजा, हातमा कमलको फूल लिएका यस्ता सूर्यलाई संधैभरि नमन गर्दछु । राजा ज्योर्ति मल्लका प्रशस्ति कल्याण होस् । चारै दिशाका राजाहरूका श्रीपेचको मणि भन्दा सुहाएको, ती मणिहरूको किरणले चरणकमलमा उज्यालो देखिने, सबैको दुःख हरण गर्ने, संसारदेवीका पति राजा श्री ज्योतिर्मल्लले न्यायनीति पूर्वक राज्य गरिरहेका बेलामा भक्तपुर शहरमा बस्ने तेजब्रह्म नाम गरेको व्यक्ति जो सूर्यको भक्ति गर्ने, कुलको टीका जस्तो वाद्यवादन विद्यामा निपुण भएका, आमाको कोखलाई पवित्र पार्ने, पितृहरूको मनलाई आनन्द दिने शुद्ध मन भएका धर्मात्मा हुनुहुन्छ । उनैले नेपाल संवत् ५४२ ज्येष्ठ (१४७८) शुक्ल सप्तमीको दिन सप्तमी व्रत पूर्ण गर्दै श्रद्धा भक्तिपूर्वक प्रस्तर सूर्य मूर्ति स्थापना गर्नुभयो । यस पुण्यले पृथ्वीलोकमा धनधान्यले सम्पन्न होऊन्, लोकको आरोग्य कामना गर्दै, पृथ्वीमा समयमा पानी परोस् । सुमेरू पर्वत जबसम्म रहन्छ तबसम्म नै यो मूर्ति स्थिर रहोस् । तेजब्रह्म मुलमी नेपाल संवत् ५४२ तदनुसार विक्रम संवत् १४७८ ज्येष्ठशुक्ल सप्तमी योग बुधबार । शुभ ।।

क्र. सं. ४ **बट्टा नं : २** **अभिलेख नं : १३** **खाम नं : ४**

अभिलेख रहेको स्थान : भक्तपुर तचपाल टोल नारायण मन्दिरको शिलालेख ।

संवत् : ने.सं. अस्पष्ट **लिपि :** प्राचिन नेवारी **आकार :** २८ × २६ से.मी.

शीर्ष चिन्ह : अस्पष्ट **पंक्ति :** १५ **अभिमुख :**

G.P.S. :

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।



लिप्यन्तर

१. १ ॐ नमो भगवत बासुदेवाय ॥ ---- नारायणदेवं, द्वा
२. दशोत्तमरूपिणं : । नमामि (१ २) काक्षं सर्व्वपापकर
३. हरिः ॥ स्वस्ति श्री श्री श्री पशुपतिचरणकमलधूलिधूस
४. रितशिरोरूहश्रीमन्मानेश्वरीवरलव्धप्रसादितरघु
५. कुलकमलवनप्रकाशनैकगगनमणिश्रीश्रीराजाधिराज
६. परमेश्वरपरमभट्टारकश्रीमच्छ्रीजयज्योतिमल्लदेवस्य
७. विजयराज्ये ॥ नेपालेश्वरसूर्यवंशतिलकश्रीविष्णुपादा (१)
८. (१ २ ३ ४ ५ ६) सत्यधिरागुणवान् सत्कीर्ति (दामयण)
९. (१ २ ३ ४) लेश्वरमौलिवंदितपदो श्रीजोतिमल्लप्रभुस्तस्या ----
१०. यशस राजाशक श्री श्री (१ २) संस्थापितः ॥ वानीवश प्रदीप
११. (१ २ ३ ४ ५ ६ ७ ८ ९ १ २ ३) पूजा वाछास (१ २ ३ ४)
१२. (१ २ ३ ४ ५ ६ ७ ८ ९ १ २) नामा सोधये । नव ररित
१३. (१ २ ३ ४ ५ ६ ७ ८ ९ १ २) योम्ह देह उपल हरित
१४. (१ २ ३ ४ ५ ६ ७ ८ ९) गणो । सर्व्वा गगन (१)
१५. (१ २ ३ ४ ५ ६ ७ ८ ९) क्षाल : स्थिरो भवेत् ।

भाषान्तर

ॐ भगवान बासुदेवलाई नमस्कार । बासुदेव भगवानको स्तुति प्रार्थना

कल्याण होस् । श्री श्री पशुपतिनाथको पाउको धूलोले कपालको केश फुस्रो भएको, मन्मानेश्वरी देवीको वरदान पाएका रघुकुलको कमलजस्तो आकाशको मणिसरह प्रकाशले उदीयमान श्री श्री राजाधिराज परमेश्वर परमभट्टारक श्रीमत् श्री श्री जय ज्योर्ति मल्लदेवको विजय राज्यकालमा, श्री विष्णुको पाउको अनुग्रह पाएको सूर्यवंशका तिलक नेपालेश्वर श्री ज्योर्ति मल्लले पूजा परम्परा स्थिर होस् भनी कामना स्वरूप व्यवस्था गरियो ।

CC-0. Nepal Sanskrit A Kathmandu Collection

क्र. सं. ५ **बट्टा नं : २** **अभिलेख नं : १४** **खाम नं : ५**

अभिलेख रहेको स्थान : भक्तपुर ठिमी, सिवा टोल, वाकाछें महादेव मन्दिरको शिलालेख ।

संवत् : ने.सं. ५५७ **लिपि :** प्राचिन नेवारी **आकार :** ६६ × ३६ से.मी.

शीर्ष चिन्ह : फूलवुट्टा **पंक्ति नं :** ३३ **अभिमुख :** पूर्व

G.P.S. : 27°40'39.7" north 85°23'12.3" east

कैफियत : अभिलेखको पाप्राहरू उप्किन थालेको ।








New Everest Party Palace
Adarsha Higher Secondary School
Ktm
Benelli Showroom
Google
Madhyapur Hospital

CC-0. Nepal Sanskr y, Kathmandu Collection

लिप्यन्तर

१. १ ॐ नमः शिवाय ।। गौरीशं चन्द्र मौलिं सकल गुणमयं शंकरं लोकना
२. थं त्रैलोक्येरत्नरूपं सरनरमुनिभिः पूजित दैत्यनाथैः । धर्म्मस्थं, नाग
३. हारंगण गुरूजनकं मंगलं नीलकण्ठः देव श्री व्योमकेश त्रिनयन
४. विदितं लिङ्गमूर्ति नमामि ।। . ।। स्वस्ति श्री श्री श्री पशुपति चरणा
५. रविन्दसेव्य परायण श्रीमन्मानेश्वरीदेवी वरलब्ध परंपरान
६. गत देदीप्यमान महाराज लक्ष्मीकनिखिल नरपतिचक्रचूडामणिरि
७. पुरार्जगजङ्गलस्थलविदारणमदाभीष्मकण्ठीरूह विविध विरूदा
८. वली समलंकृत राजाधिराज परमेश्वर परमभट्टारक रघुवंश कम
९. लवनविकासनैक भास्कर सकल विद्यानिधान गुणिगणालंकृत श्री ने
१०. पालमण्डलेश्वर श्री लक्ष्मीनारायणावतार श्री श्री जय यक्ष मल्लदेवस रू
११. पदेवी उदयान देवी हृदयसरोवर राजहंस ।। ज्योतिमल्ल सुतो भाति
१२. स श्रीमान् भूपतिः कृतीः । सूर्यवंशावतंसोयं यक्ष मल्लो गुणाश्रयः ।। संसा
१३. रदेव्यास्तनयः सुबुद्धिर्व्विवेकनारायण एष भाति ।। श्री यक्ष मल्लोनुजः ।
१४. शास्त्रवेदीः श्री जीवमल्लो नृपरत्नमूर्तिः ।। तयोर्द्वयोर्व्विजयराज्ये ।। ।।
१५. तत्रैव त्रि भैरव स्थान मनोहर थेंमी देश पूर्व्वदिगविभागे वं
१६. खा शिव भट्टारकस्य प्राशाद नवकृतं यङन् आवन चेया इन्दल
१७. दुंछे नायक जगसी मासपिथिनायक सजिवाकर मीसगुणादुवार
१८. भास थ्व सकल प्रमुखन गातपि सकल समुचय मेलरपं सोंक्षे आवन
१९. चे यातव ल्हेङाननि येटाछे गुण (१ २ ३) र भास किंज हियदराम दुवा
२०. र भास मलय दुवारभास थ्व सकल ह्मसं प्रत्येकन येथोक्षे
२१. आवन चेयथंन पूर्व्वजे लोकसम देवथापनया ।। अत :प
२२. रं दत्त भाषा ।। थ्व देवसके दतियं (१) गुणा दुवार भासे किज हि
२३. दयराम दुवार भासे यंद्वलवुं (१ २ ३) क रूपाशिस थववो । रोव ङा
२४. पेक ५ थ्व वुया वरसानन दिन (१ २ ३ ४) यायेनू येफेतखा वुरोव
२५. पि ४ थ्व या वरसानन वर्ष वर्ष (१ २ ३) व सीन शिवरात्र चवद
२६. शन पञ्चामृत दयकं देव बू (१ २ ३) छोयकेमाल ताम्रलिंग बु
२७. थ्वस कीर्त्ति पूजन याये माल थ्व देवल (१ २ ३ ४)पूजारी उदयचंद भारो मेगु
२८. भारो थ्व फुकिंजसे निस्तरप येनेमाल (१ २ ३ ४ ५) रपयं ग्वसंपंच
२९. महापातक फल लाक्व ।। सम्वत् ५(५७) फाल्गुण शुक्ल पर्णूमासी भौ
३०. मवार देवल प्रतिष्ठा दिन ।। थ्व पुण्य फलन जन धन पुत्र पौत्र लक्ष्मी
३१. आयु आरोग्य सौभाग्यमाणि सिद्धिरस्तु ।। अयं प्रासाद कल्पारन्तरप
३२. र्येतंस्थिरो भूयात् ।। अभयराजेन रचितं तत्पुत्रेण लिखितं गुणि राजेन टंक
३३. रेखा लिखिता ।। स्नानमलश दुन्ता फुकिजिसें ।। शुभम् ।।

भाषान्तर

ॐ भगवान शिवलाई नमस्कार ।। भगवान शिवको स्तुति प्रार्थना ।

कल्याण होस् । श्री श्री श्री पशुपतिनाथको चरणकमलको सेवामा कर्तव्य परायण, श्रीमन्मानेश्वरीदेवीको वरदानपाई दिव्यदेह भई तेजिलो देखिएका महाराज, लक्ष्मीले साथ दिएकी नरपति, चक्रचुडामणि जस्ता भीष्म पितामहले पाएका प्रशंसा जस्ता विभिन्न विरूदावली पाएका, सम्पूर्ण अलंकारले सुसज्जित राजाधिराज परमेश्वर परम भट्टारक रघुवंशको कमल जस्ता, भास्कर सरह विद्याले पारंगत गुणैगुणको अलंकारले सुसज्जित नेपालमण्डलेश्वर एवं श्रीलक्ष्मीनारायणका अवतार श्री श्री जय यक्ष मल्ल जो हृदयसरोवरमा खेल्ने राजहंस जस्तो ज्यार्ति मल्ल र संसारदेवीको छोरा जीव मल्लको भाइ, सूर्यवंशमा पैदा भएका यक्ष मल्ल । यक्ष मल्ल र जीवमल्ल यी दुवैको विजय राज्यकालमा ठिमी देशको पूर्वभागमा भगवान शिवका देवलको नवनिर्माण कार्य सुसम्पन्न गरियो । हृदयराम दुवार र मलय दुवारले देवस्थापना गरियो । दयराम दुवारले शिवको नित्य नैमित्यक पूजाको लागि आयस्ता आउने खेत राखेको गुठी बन्दोबस्त गरियो । नेपाल संवत् ५५७ फाल्गुण शुक्ल पूर्णिमा, सोमबारको दिन देवल प्रतिष्ठा गरियो यस पुण्य फलले दाताहरूको जन, धन, सन्तान, लक्ष्मी वृद्धि, आयुआरोग्य, सौभाग्यवानको सिद्धि प्राप्त होस् । शुभ ॥

CC-0. Nepal Sanskrit A Kathmandu Collection

क्र. सं. ६ **बट्टा नं : २** **अभिलेख नं : १५** **खाम नं : ६**

अभिलेख रहेको स्थान : भक्तपुर टौमढी टोल, तिलमाधव नारायण मन्दिरको इशान कोणको नवग्रह मन्दिर अगाडिरहेको शिलालेख ।

संवत् : ने.सं. ५६० **लिपि :** प्राचिन नेवारी **आकार :** १०० × ६९ से.मी.

शीर्ष चिन्ह : फूलवुट्टा **पंक्ति नं :** २३ **अभिमुख :** पश्चिम

G.P.S. : 27°40'15.0" north 85°25'45.5" east

कैफियत : अभिलेखको अक्षरहरू सबै मेटीसकेको ।








apur
state
भक्तपुर
कि क्षेत्र
Dattat
ur Durbar Square
भक्तपुर
दरबार क्षेत्र...
Busier than usual
Taumadhi Square
Cozy room near
taomadhi square
Pottery Square
कुम्हः त्वः
कुमाले टोल
Rammandir Rd
Siddhi Memorial Women
and Children Hosp
Hanumante River
apur
Google
Adarsha Bus Stop

लिप्यन्तर

१. (१ २) को विवेकी श्री जीवमल्ल इति यद्भुविमणि(१ २) मातु : साददेव्याश्च ज्येष्ठोपुत्रस्य धी मतः कव(१)
२. (१) तस्य पुण्येनांनेन कर्म्मणा ॥ धर्म्मेणानेन (१ २ ३) रितमलदरवाछिता मद्धि पूर्ण्णकल्यााणं (१) खान्यगज
३. (१ २) व खेम्भात राज्यं गलक्या । धर्मार्थ काम मोक्ष फु (१ २) तरधिकं प्राप्तमम्यकमाद्धै भूमाभूयोर मत(१) गन
४. (१ २) मतत्कीर्त्तिसत्कर्म्म पुण्ये ॥ आकाश गंगा (१ २) दीर्प्यरेखा दीर्घायुषं वर्ष सहस्र सस्यां । मलभ (१ २)
५. (१ २ ३)वर्ग्गा निर्व्याधिता जीवतुते मतावेत ॥ वृद्धिंवर्षं भुमेया :प्रभवतु वरणीशैस्य पुर्ण्णा समंताविघ्नावेद(१ २)
६. (१ २ ३) जना धर्म्मनीति क्रियायां । राजान(१)सर्व्वलोका (१ २) तदिवसिमुदांपालयंतु (१ २) भृत्याम्गावः क्षीराद्यजा(१)
७. (१ २ ३) पतिभक्तिसुप्रीतमस्तु ॥ यावन्नेपालखण्डे वसति पशुपति बासुकी वाग्मतिस्थौ, व्रम्हक्षति प्रमो(१ : २ ३)
८ (१ २ ३) यावदो मंड शास्ता । यावदन्नप्रचारस्तरूवर फल वान पस्यवान यावदास्तेतावत्कालस्थिरोस्तादयल (१ २)
९. (१ २ ३) थ वाचलोऽस्तु ॥ सून्ये स्कन्दमुखेन्द्रिसंखयकशते नेपालसम्वत्सरे ज्येष्ठे पाण्डुरपक्षकान्तक तिथौ नक्षत्र(१)
१०. (१ २ ३) योगे सुद्धिमते दिवा विधुसुते भास्वद्वृषे संस्थितो कन्ये चन्द्रमसीति तत्र कृतवान् पूर्णा प्रतिष्ठाविध ॥(१ २)
११. अथ देशभाषा ॥ श्री श्री जययक्ष मल्ल प्रभुठाकुरस या स्थापनया दिन गजुह्वि छासे पुल दयका लुं यितिनोदयका(१)
१२. (१ २ ३) मालनओसेदयकं तंथा ॥ पुलसं(१ २)लक्वंडन (१) मसितं द्वयके दिन प्रति अछिद्रन चिकंन अट्टाछिधारेहने॥ (१ २)
१३. (१ २ ३)सलछि ॥ इन्द्रजात्रासच्यान्हु ॥ महाषुमारो(१) ॥ विश्वजात्रावान्हु॥ थवते दिन मंकोसेंकोथुफले थावजिपु (१ २)
१४. (१)॥ थोमपुप्रतिचिकन फरे अष्टा छी(१) ने ॥ वर्मुवादन पूजा(१)त्र न्हीनस्तफलस दयकं पुलदुंवने चोग्वमिनायसक
१५. (१ २ ३ ४) पञ्चतालथायमाल्व ॥ शि(१)आदिन समस्तयात वु(१ २)मदि ॥ द्वंखासकोमे दम्म ५४ ॥ थ्यमीसकाये दम्म
१६. (१ २) वुरोव ६वलन सहित ॥थ्वते पुलस दुंता॥(१)य यितीस दुता जथावुरोव ६ ॥ यविवुरोव ८॥ भूयस्वकपोंवरोव ३॥
१७. वुरोव ३ ॥ त्यरवि वुरोव ४॥ भूयदेस्म शिवका ऽ५॥ थ्वतेस्य यायिनीया वर्सवादन याये॥ इन्द्रजात्रान स्वानछाये(१ २)
१८. पुये ॥ वोये ॥ पीतिसारटद्भिस्वट, सुदिवु दुनकुस (१)ल नायेमाल्व ॥ थंग्गक्वव्वा श्री श्रीराजकुल पात्रकुल(१ २)
१९. वुङनवु अणि थवते आय ममोक्व क्व जुरो ॥ निजदेशवा मोनिगम टेवन लंख्वकायके यितीयमटेव जुरों ॥ निज(१ २)
२०. रणा १ मुछिस्यंनो, पुलस मेछोयेक थुयके खुनके मटेव जुरो ॥ पुनलिखें प्राकारण येछुसिव्वसतसे.चच ३ (१ २ ३)
२१. (१ २)जुरो ॥थ्वतेनेमरपंतको स्वमसुसेबीचन्ता यंङनव (१) थ्व(१)ल॥ थमठम खङनमगाकाले, गोहथ्या,ब्रह्महथ्या (१)
२२. पञ्चमहापातक लाक्व जुरो ॥ ॥सम्वत् ५६० पोषशुदि ११ (१ २ ३) थ्वकोन्हु संपुर्ण्ण दिन जुरो ॥ ॥ शुभमश्तु सर्वदा॥
२३. (१ २ ३ ४) नाय (१) दिन कोन्हु (१ २ ३) देय छपुन (१ २ ३) यायमाल्व जुरो शुभं ॥

भाषान्तर

श्री श्री यक्ष मल्ल प्रभुठाकुरको पुलघरको स्थापना भएको दिन गजुर चढाएको, भजन घर बनाएको, सुनको धारा पनि बनाएको, भजनघर बनाई तेलिया ईटा छाप्ने कार्य गरियो । इन्द्रजात्राको आठ दिन, बिस्का जात्रा वाद्यवादन पूजा भजनघरमा पञ्चताल सङ्गीत सिकाउन भजनघरको लागि दाम र खेत आयस्ताको लागि राखियो र धारा संरक्षणको लागि पनि आयस्ता राखियो । वर्षबन्धन पूजा इन्द्रजात्रामा फूल चढाउने, धाराको पानी पवित्र कार्यमा बाहेक अन्य प्रयोजनमा नगर्नु नगराउनु । पुलघरमा (भजन घर) आगो वाल्ने पकाउने जस्ता कार्य नगर्नु नगराउनु, यति नगर्नु नगराउने भन्ने कुरा उलङ्घन गर्छ भने उसलाई गौहत्या, ब्रह्म हत्या जस्ता पञ्चमहापातक लागोस् । नेपाल संवत् ५६० (विक्रम संवत् १४९५) पौष शुदि ११ का दिन सम्पूर्ण समापन गरियो । सदा सर्वदा शुभ होस् ॥

क्र. सं. ७ **बट्टा नं : २** **अभिलेख नं : १६** **खाम नं : ७**

अभिलेख रहेको स्थान : भक्तपुर स्वर्णद्वारको पश्चिम भित्तामा रहेको शिलालेख ।

संवत् : ने.सं. ५७३ **लिपि :** प्राचिन नेवारी **आकार :** ८७ × ४० से.मी.

शीर्ष चिन्ह : अस्पष्ट **पंक्ति नं :** ३७ **अभिमुख :** पश्चिम

G.P.S. : 27°40'56.4" north 85°29'31.4" east

कैफियत : अभिलेखको पाप्राहरू उप्किन थालेको ।








Bhaktapur
Industrial Estate
भक्तपुर
औधोगिक क्षेत्र
Bhaktapur Durbar Square
भक्तपुर
दरबार क्षेत्र...
Taumadhi Square
Pottery Square
कुम्हः त्वः
कुम्हाले टोल
Ramnandir Rd
Hanumante River
Siddhi Memorial Women
and Children Hospital
Google

CC-0. Nepal Sanskr y, Kathmandu Collection

लिप्यन्तर

१. १ॐ नमो वसुन्धरायै ।। विष्णोर्ब्बाहुलताकफोणिशिखरेणोद्धारिता मे
२. दिनी गंगाद्यासरिताम्वरैवरूचिरालंकारितास्थावणी । नाना द्र
३. व्यमय प्रगुप्तकरणासन्यास लग्नाहिती त्वां नौमीह वसुन्धरे वर
४. णशालं रक्ष तं सर्व्वदा ।। नेपालभूमण्डलचक्रवर्त्तिना ,यपांग च
५. क्रामलकीर्त्तिकेतुना । श्री यक्ष मल्लप्रभुना सुविस्तरंभक्तापुरी प्रावर
६. णं चकार तत् ।। ब्रह्मक्षत्रियवैशयशूद्रकजनैरट्टं नवं निर्म्मितं पाषा
७. णं ˙ बहुकाष्ठभाररचितं चादाय सर्व्वैर्ज्जनैः ।। द्वारे कोट समन्वितं दि
८. शि दिशि प्राकारतुं गोत्तमं कुर्व्वति स्म सखातकीमतिमहाकष्टै
९. श्च वित्तैर्व्ययै : ।।.दुर्ग्गप्राकारभागे प्कपहरति कदा संस्थितंदिग्वि
१०. दिक्षु पाषाणं काष्ठलोष्ठं तदिह विनिहितं कश्चिदट्टं तदेकं । पापी
११. यान्त्र व्रम्ह हंताशिशुवधकृतवान् सोपिगोघ्नः पुमान्वै एवं संरक्षत
१२. व्यं नगर नरवरैर्भूपतेः शासनं ।। ˙ तस्मिन्नेपालिकाब्दे त्रिमुनिहर
१३. मुखे श्रावणे पूर्ण्णमाश्यामायुष्मान्योगयुक्ते भृगुसुतदिवसेत्रृक्ष
१४. नारायणाख्ये प्राकारं द्वारकोटं नगरपरिवृत्तारम्भकालं करो
१५. ति श्रीमद्भक्तापुरे श्रीनृपमुकुटमणिर्यक्षमल्लो नृपेन्द्र : ।। ।।
१६. शुभ ।। श्री श्रीजययक्ष मल्लदेव प्रभुठाकुरस विजयराजस श्रीख्वप्वंसखारनो ग
१७. ड प्राकारनो लंक्वाठनो दयका जुरो थ्व गड दयके निमितिन ख्वप्वंस बसरपो
१८. लोकस्य अनेक कष्ट नस्यं वितनवु उपेखरपं दयका गड जुरों ब्रह्म क्षत्रि वै
१९. श्य शूद्र चतुर्वर्ण्ण आदिन एक चित याङन शिंकु अटकु चाकु थमठम बुस्यं शरीर
२०. कष्टरपं दयकं तया थ्व गड जुरों अबनलि खारनो प्राकारनो लंक्वाठनो थ्वते थव
२१. छे पयिन मयाक्व नवुं, पयिनयाङयेनेमाल जुरो श्री श्री प्रभुठाकुरस्यंनो,प्रदि
२२. क प्रधाननो प्रजापाखननो, ख्वप्वंदेशशवसरपको समस्तस्यं वुंफोडनथं, थंथु
२३. लं कोथुलं थवथवस भुंस, चोंग्वक्वाठयातं थमठम खागां ल्हास्यं सोखायेमाल सो
२४. मविव द्वालें सोथु प्रति कुडछि धारे के काये, क्वाठप्वलोड चिचकवह्मंन, सलखिचा
२५. तान जोङन, सिठिन ह्ङा,क्वाठनायकन निदानन लांक्वाठ प्वलोड चिरमवकाले सिठि
२६. सांति क्वाठनायक याके काये जिमने दमा १२ थवथव दिशन प्वलोड हिलमालओ
२७. स क्वाठनायकन हिले गड प्राकार यासे पोये दिन महालक्ष्मी धर्म्मविसर्ज्जन को
२८. न्हु ख्वप्वं देशश बसरपको समस्तस्यंवु, खारड्याङिस सडमेस, सा फा थ्वतेस्यंवु न्हो
२९. यके मटेव न्होस्यं स्यंकाले मोंडि दम्मछि १ धारे, स्यनकवयाके, राजन काये जुरों
३०. खार दंग्व स्यंग्व सोस्यं, पाठिगामन यिके, ज्या याचके, प्राकारनो, लंक्वाठनो स्यं
३१. कालें थम डङा भुं थमठम वुं ज्यायाचके थ ˙छोयकं तकोस्यं चिंता यायमाल जु
३२. रो गड प्राकारनो, लंक्वाठनो आधारपं पिस्य स्यनकव द्वाकाले गोहथ्या,ब्र
३३. म्हहथया, त्रीहथ्या आदिन पञ्चमहापातक लाक्व जुरों स्यनकवन्हयाके वुं राज
३४. न काये दम्म गु ९ गड प्राकार यानों लंक्वाठयानो अट ल्वह्वं सिंका कालं अट
३५. पा प्रति ल्वह्वं ग्वड प्रति सिं ट्वाक प्रति दम्मछि १ धारे राजन काये जुरों ।। श्रेयोस्तु
३६. सम्वत् ५७३ श्रावण शुक्ल पूर्ण्णमाश्यां, श्रवण नक्षत्रे आयुष्मान योगे शुक्रबासरे, श्री श्री
३७. जययक्ष मल्लदेव प्रभुठाकुरस्यं प्राकार आदिन गड आरंभ याङा दिवस ।। शुभ ।।

भाषान्तर

ॐ वसुन्धरादेवी (पृथ्वीमाता) नमस्कार । वसुन्धरा देवीको स्तुति प्रार्थना ।
नेपाल भूमण्डलका चक्रवर्ती राजा श्री यक्ष मल्लले भक्तपुरमा गढ किल्ला बनाउनु भयो । यो गढ बनाउन आफ्नो देशको सम्पूर्ण जनतालाई आह्वान् गर्दा ती जनताले ढुंगा, काठपात, ईटा आदि बोकेर ल्याइदिने काममा कष्टपूर्वक श्रमदान गरी धेरै पैसा खर्च गरेर भक्तपुर शहरको चारैतिर पर्खाल र ढोकाढोकामा किल्ला भएको गढ किल्ला बनाईयो । यो गढ बनाउनमा भक्तपुरका चारै वर्णका जनताले त्याग र कष्ट व्यहोरेका थिए । गढ किल्ला बनी सकेपछि आ-आफ्नो इलाकामा परेको किल्लाको हेरविचार पनि त्यही इलाकाका जनताले नै गर्नुपर्ने र यदि वेवास्ता गरे भने क्वाठनायकले दण्ड जरिवाना गर्ने र मर्मत संभारको काम पनि क्वाठनायक मार्फत गराउने, खाइका माटो ढिस्कोमा पाल्तु जनावर कुनैलाई पनि कुल्चाउन नदिने र कदाचित कसैको वस्तुभाउले कुल्चेको खण्डमा पनि दण्ड गरिने प्रबन्ध बनाए । यो गढ पर्खाल विगार्नेलाई गौहत्या, ब्रह्महत्या, स्त्रीहत्या जस्ता पञ्च महापाप लागोस् साथै ९ दाम पैसा दण्ड गर्ने समेत प्रावधान राखियो । राजा श्री यक्ष मल्लले यो गढको निर्माण आरम्भ नेपाल संवत् ५७३ (विक्रम संवत् १५०९) श्रावण शुक्ल पूर्णिमा, श्रवण नक्षत्र, आयुष्मान योग, शुक्रबारको दिन गरियो ।

क्र. सं. ८ **बट्टा नं : २** **अभिलेख नं : १७** **खाम नं : ८**

अभिलेख रहेको स्थान : भक्तपुर त्रिपुरासुन्दरी टोल धारानेर पाटीको शिलालेख ।

संवत् : नेसं. ५८८ **लिपि :** प्राचिन नेवारी **आकार :**

शीर्ष चिन्ह : **पंक्ति नं :** २८ **अभिमुख :**

G.P.S. : 27°40'21.7" north 85°25'50.1" east

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।




Star Ban
Byasi
Dattatreya Squ
Nabil Bank ATM
r Square
भक्तपुर दरबार क्षेत्र...
aumadhi Square
Cozy room near taomadhi square
Square
Siddhi Memorial Women and Children Hospital
सिद्धि स्मृति महिला तथा बाल...
Hanumante River
Google
Transport M





CC-0. Nepal Sansk hy, Kathmandu Collection

लिप्यन्तर

१. ॐ नमो नारायणाय ॥ श्री श्री श्रीमत् श्रीराजाधिराज परमेशवरपरमभट्टारकेन श्रीमता श्रीनेपा
२. लेश्वरचक्रचूडामणिना श्रीलक्ष्मीनारायणावतार श्री श्री जय यक्ष मल्लदेवेन । दिवंगत पुत्र ज
३. य राजमल्लदेव कुमाराय तस्मै उद्देशनार्थं श्री श्री श्री विष्णु प्रासाद स्थापनादि ध्वजावरो
४. हनं पर्यंन्तं ˙ सम्पूर्ण कृतं दिवंगत पुत्र जयराजमल्लदेवकुमारस्य शरीर प्रमाण प्रतिमा सुव
५. र्ण्णेन श्री श्री श्री हृषिकेशमूर्ति निर्म्मानं कृता.स्थापित सुवर्ण्ण रचित तोरण सहप्रतिष्ठा कृतापुन
६. श्च षट्दर्शन जनाबाससत्रशाला अग्निशाला सहकूप सह मंदिर सूपशाला जलधुन सह प्र
७. नाली जलं प्रवाहयित्वा एते निर्म्मितो ॥ योख वु रोव जिमङा पेक १५ भूय हागाङ्ग बु रोव
८. रखचेक ३ भूय खरमस बु रोव खु थ.के ६ भूय एकती बु रोव (१ २ ३ ४ ५ ६ ७ ८ ९ १)
९. (१ २ ३) बु राव च्या ८ भूय देशको बु रोव ङापेक ५ भूय वाद्वलरण क्वर्क (१ २ ३ ४ ५ ६)
१०. (१ २ ३ ४ ५ ६ ७ ८ ९ १)एन्दलनको सुदिव एतत्क्षेत्र(१ २ ३ ४ ५ ६ ७ ८ ९ १ २)
११. (१ २ ३ ४ ५ ६ ७ ८ ९ १ २) तीया लखगलद्व (१ २) या (१ २ ३ ४ ५ ६ ७ ८ ९ १ २)
१२. (१ २ ३ ४ ५) दिने सम्प्रदत्तं । एतत्क्षेत्र (१ २)व्यस्य प्रवृद्धि (१ २ ३ ४ ५ ६ ७ ८ ९)
१३. एतद्द्रव्येन षट्दर्शनेभयो भोज्यकारणार्थं प्रतिदिनं जल (१ २) व्यंजन (१ २ ३ ४ ५)
१४. (१) टिकदीपार्थः पुनश्च प्रतिपर्व्वणि अन्नप्रदत्तार्थं प्रतिजात्रायां दीप (१ २ ३ ४ ५)
१५. र्थं संप्रदत्त मिति । भूय ब्रह्मभोज्ययात श्री श्री श्री नारायण सत पञ्चामृत (१ २ ३)
१६. वस्त्र हेले यातं ङततया वाछल मडे बु रोव जिपेक १० भूय वाछल मडे बु रोव
१७. च्यापेक ८ । भूय चितस्वान सिधर दक्षणा के धुनि पूजाबारीस्यं दयके पूजाबारीसतं
१८. विस्यंतया चक्ववा भीकु बु रोव जिपेक १० ॥ अनेन दानेन दिवंगत पुत्र जयराज म
१९. ल्लदेवकुमारः शिवलोकं विष्णुलोकं ब्रह्मलोकं संप्राप्तो भवतु ॥ श्री श्री जययक्षम
२०. ल्लदेवानां , पुत्र पौत्र, आयुरारोग्य ऐश्वर्यजनधनमहाराज्यलक्ष्मी वृद्धिरस्तु ॥ वाद्व
२१. लं बु रोव च्यापेक ८ डविनि बु रोव च्यापेक ८ थ्वने खंडबुन नेम्हस्यं ह्निनछत्रधारे
२२. स्यं पालनपाल श्री श्री श्री नारायण द्वपेये मेतं च्याच येल जुसनि सनासां टोले
२३. अछिद्र याङ चापेये माल न्हि चोंनेममाल कतिनि पुनिशि कोन्हु निस फागुपु
२४. निशिट्वं देवल ह्ङवने चोंग्व छें चोस ड्यने चाननेवाल धारेदेवलस चरचक यात व
२५. नेमाल, फागु पुनिशि कोन्हुं निस, कतिनिपुन्हिशिट्वं ताह्ङपेस्यं देवल । फडसड्यने
२६. माल ड्यंग्व मड्यंग्व चिंता याय देव लियावो, सतरनायक वोस्यं ह्निनथंबुमाल ॥ श्रे
२७. योऽस्तु ॥ सम्वत् ५८८ कार्तिक कृष्ण द्वितीयायां, तिथौ , मृगशिर नक्षत्रे , साध्ययो
२८. गे, शुक्रबासरे, थ्व कोन्हु श्री श्री श्री विष्णु स्थापन दिन ॥ शुभमस्तु सर्व्वदा ॥ ॥

भाषान्तर

ॐ भगवान नारायणलाई नमस्कार ।

Campus
भक्तपुर
बहुमुखी
क्याम्पस
ghari Hub
Hotel Bha



लिप्यन्तर

१. ॐ स्वस्ति ॥ संवत् ७७८ पौषमासे शुकलपक्षे सप्तम्यान्ति
२. थौ जीवनसिंहया काय धरूसिंहन दुंता तो......
३. श्रीश्रीश्री स्वेष्टदेवता.प्रीति कामनान दुंता...... शुभ ॥

भाषान्तर

कल्याण होस् ॥ नेपाल संवत् ७७८ (विक्रम संवत् १७१३) पौषशुक्ल सप्तमी तिथिमा, जीवनसिंहका छोरा धरूसिंहले श्री ३ स्वेष्टदेवता प्रीति कामनाको लागि ढोका समर्पण गरियो शुभ ॥

क्र. सं. ९७ **बट्टा नं : ५** **अभिलेख नं : १३१** **खाम नं : ३१**

अभिलेख रहेको स्थान : भक्तपुर साकोलान भैरव मन्दिरको शिलालेख ।

संवत् : ने.सं. ७७९

लिपि : प्रचलित नेवारी

आकार : २० × ३७ से.मी.

शीर्ष चिन्ह : नभएको

पंक्ति नं : ८

अभिमुख : पूर्व

G.P.S. : 27°40'26.9" north 85°26'05.9" east

कैफियत :








Khwopa College (TU Affiliated)
Nagarkot Bus Park
Star Banquet
Bagiswor
Dattatreya Square
Siddha Ltd. Kama
Jelan Galli
Enginee
Jay Shree Ba Newari Khaja
room near hi square

लिप्यन्तर

१. ॐ स्वस्ति संवत् ७४७ फाल्गुण शुद्धि द्वितीया दीन गोमिदभा
२. रो उभयभारो नेम्ह फुकिंज समतन थ्व देवल दयका दीन जुरों
३. ॥ ॐस्वस्ति ॥ साउ क्वलाङ टोलया श्री ३ श्वेतमहाभैरव थंका
४. स्यं विज्याचकाव स्थापना याङा दीन ॥ संवत् ७७९ फाल्गुण
५. शुद्धि द्वितीया कुन्हु । थंकालि विष्णुसिंह भारो, पाहान भारो,स
६. त्यराम भारो विशवसिंह भारो, थ्व पेम्हं समुच्चयेन कभेत जु
७. स्यं सिंह छेपड तया दीन जुरों ॥ ॥ शुभं ॥
८. पुनर्व्वाल, नाथु भारो, शिवकृष्ण, थ्वनेम्हं सेन ताङा जुरों

भाषान्तर

कल्याण होस् । नेपाल संवत् ७४७ फाल्गुणशुक्ल द्वितीयाका दिन गोमिद भारो, उभय भारो यी दुई जना सगोल भाईहरूको सल्लाहमा यो मन्दिर बनाईयो । साउ क्वलाङ टोलका श्री ३ श्वेत महाभैरव विराजमान गरी स्थापना गरियो । नेपाल संवत् ७७९ (विक्रम संवत् १७१४) फाल्गुणशुक्ल द्वितीयाका दिन जेठो व्यक्ति विष्णुसिंह भारो, पाहान भारो, सत्यराम भारो र विश्वसिंह भारो यति चार जना सकल समुच्चय भइ द्वारपाल सिंह पनि स्थापना गरियो । नपुग थपथाप गर्ने कार्य नाथु भारो र शिवकृष्ण भारो यी दुई जनाले गरियो । शुभं ॥

CC-0. Nepal Sanskrit Ac athmandu Collection

क्र. सं. ९८ **बट्टा नं : ५** **अभिलेख नं : १३२** **खाम नं : ३२**
अभिलेख रहेको स्थान : भक्तपुर ठिमी देगु टोल भैरव मन्दिरको शिलालेख ।
संवत् : ने.सं. ७७९ **लिपि :** प्रचलित नेवारी **आकार :** ३० × २२ से.मी.
शीर्ष चिन्ह : अस्पष्ट **पंक्ति नं :** ७ **अभिमुख :** पूर्व
G.P.S. : 27°40'45.6" north 85°23'09.0" east
कैफियत : अभिलेख अस्पष्ट भएको ।




Shangri-la Development Bank, Thimi Branch
apur Road
Thimi Ceramics
श्रेष्ठ मोटरसाइकल... नेपाल-कोरिया मैत्री...
al Tuberculosis l Center
Benelli Showroom



लिप्यन्तर

१. ॐ स्वस्ति ॥ श्री ३ इस्त देवता स
२. के भूदान यान रायनसिं
३. दा नायकं, छय दानायक रा
४. म नेम्हं अजा छयन लुंटोल
५. न दुंता जुरो ॥ सं ७७९ चैत्र कृ
६. ष्ण एकादस्यां तिथौ ॥ शुभमस्तु
७. गोमिद सिंङ्जु ॥

भाषान्तर

कल्याण होस् । श्री ३ इस्त देवता प्रीति कामना गरी भूदान गरियो । डकर्मी नायक रायनसिं र उनका नाति डकर्मी नायक राम यी दुई जना नाति र बाजे मिली सुवर्ण तोरण समर्पण गरियो । नेपाल संवत् ७७९ (विक्रम संवत् १७१५) चैत्र कृष्ण एकादशी ॥ छूटपुट अन्य काममा गोमिद सिंङ सत्रीय रहेको । शुभ भलो होस् ॥

CC-0. Nepal Sanskrit Kathmandu Collection

क्र. सं. ९९ **बट्टा नं : ५** **अभिलेख नं : १३३** **खाम नं : ३३**

अभिलेख रहेको स्थान : भक्तपुर चाँगु जाने वाटोमा इन्द्रेश्वर मन्दिरको शिलालेख ।

संवत् : ने.सं. ७७९ **लिपि :** प्रचलित नेवारी **आकार :** ४१ × २५ से.मी.

शीर्ष चिन्ह : शिवलिङ्ग **पंक्ति नं :** ३० **अभिमुख :**

G.P.S. : 27°41'36.3" north 85°25'51.8" east

कैफियत :




Shangri-la Development Bank, Thimi Branch
apur Road
Thimi Ceramics
श्रेष्ठ मोटरसाइकल...
नेपाल-कोरिया मैत्री...
al Tuberculosis
ol Center





लिप्यन्तर

१. ॐ नमः शिवाय ॥ भूपाभूतेण
२. भक्त्या कृत भवभवनं, सुस्थिरं सर्व्वकाले प्री
३. णीतात्पार्व्वतीशः पुनरपि गिरिजा विष्णु विघ्नेश भू
४. र्म्याः । नित्यं नित्यादि पूजा विधिविविध तरैर्भक्ति भावादि यु
५. क्तैः सुप्रीताः सर्व्वदाते ददतु सुखचया, निन्द्रसिं हाङिकेत्यः ॥ न
६. भो नाग वाहन नेपाल वर्षे शुवेः शुक्लपक्षे तृतीया तिथौच । कृता श्री महे
७. श प्रतिष्ठेन्द्रसिंहादिके नैव षड्त्रा भृकेनाति भक्त्या ॥ ॥ अथ नेपाल भाषा ॥ इ
८. न्दसिंह, चंन्द्रसिंह, हाकुसिंह, कृष्णसिंह, जयन्तसिह, भीमसिंह थ्वते फुकिजसमेतन
९. द्वयन, देवल दयकाव, श्री ३ इन्द्रश्वर आदिन पञ्चायन प्रतिष्ठा याङा ॥ नित्य पू
१०. जा आदिन हाने याता रोव ५ कर्ष २ मंथलिवु ॥ कर्ष १ यातावल थ्वते दुंता ॥ थ्व
११. ते वुया वरसानन गुठिकतकन श्री ३ इन्द्रेश्वर आदिन देव पनिस बुसाध
१२. न याय हानेके गोत्र चेत सिधर स्वान पु ९ जजमका, पात ९ धलि दं स
१३. छिया घेल कस्ति साखर हामल तछे जु ६ निश्चाव दंम ३ दक्षिणा, अस्ता १
१४. चेकन मता च्याय याता कु १ खेहू साका पोल ता २ माढें गोड १ कलेश, फे
१५. १ तुफे अस्ता २ चेकन देवसके वुयेयाता ॥ प्ल २ अक्षत प्ल २ द्वाफलस्वान प्ल
१६. २ तायके फं छि या एलमाढे पु १ प्रताप नेकुत्या हाचकाव ॥ ॥ सापादु कु
१७. न्हु साछो नके याता हाने ॥ श्री ३ इन्द्रेश्वरयाता पूजा छ जोलन पञ्चामृत
१८. दयकाव जु २ निश्चाव दं २ दक्षिणा ॥ सायाता पूजा छजोलन, पात २ स्व
१९. स्वगन धलि दं १ दक्षिणा फं ३ छो अस्ता २ वि प्ल २ म्वात ॥ ॥ सके माङा पुनिस
२०. कुन्हु क्षीरभोग याचके याता हाने ॥ पात १६ दुधु कुड १ जाके अस्ता २ घे
२१. ल अस्ता २ साखर दं १ दक्षिणा दं १ पामाढे पूजा छजोलन पञ्चामृत
२२. दयकाव ॥ ॥ शिवरात्रि चतुर्द्दशी कुन्हु हाने ॥ पञ्चामृत दयकाव पू
२३. जा छजोलन कु २ निश्राव दं २ दक्षिणा दं सछिया माढे प्ल २ घेलमता
२४. छोयके याता फं ५ साख्वालन देवलस पाय गोठसि छकु छोय
२५. के ॥ ॥ हामल संकान्ति कुन्हु हाने पूजा छजोन पञ्चामृत दयका
२६. व ॥ ॥ बिस्कात संक्रान्ति कुन्हु हाने पञ्चामृत दयकाव पूजा छ
२७. जोलन दंम दक्षिणा ॥ ॥ पुनिसिस हाने ॥ लसपर्ति पञ्चा
२८. मृत दयकाव, पूजा छजोन, दं दक्षिणा ॥ संवत् ७७९
२९. आषाढ शुदि ३ हनो सुखरात्रि कुन्हु पात २
३०. धलि गो १ तेवसे देवसके छाय ॥

CC-0. Nepal Sanskrit , Kathmandu Collection

भाषान्तर

शिवलाई नमस्कार । शिवस्तुति ॥

भूपाभूतेण भक्त्या कृत भवभवनं, सुस्थिरं सर्व्वकाले
प्रीणीतात्पार्व्वतीशः पुनरपि गिरिजा विष्णु विघ्नेश भूर्म्याः ।
नित्यं नित्यादि पूजा विधिविविध तरैर्भक्ति भावादि युक्तैः
सुप्रीताः सर्व्वदाते ददतु सुखचयानिन्द्रसिं हाङ्किकेत्यः ॥
नभो नाग वाहन नेपाल वर्षे शुवेः शुक्लपक्षे तृतीया तिथौच ।
कृता श्री महेश प्रतिष्ठेन्द्रसिंहादिके नैव षड्त्रा भृकेनाति भक्त्या ॥

अब देशमा चलेको नेपाल भाषा अनुसार इन्दसिंह, चन्द्रसिंह, हाकुसिंह, कृष्णसिंह, जयन्तसिह, भीमसिंह यति सगोल दाजुभाइहरूले सल्लाह गरी देवल बनाई इन्द्रेश्वर आदि पाञ्चायन देवता प्रतिष्ठा गरियो । यसको नित्य पूजा र वर्षबन्धन पूजाको लागि आयस्ता आउने खेत मथलिवु खेत ५ रोपनि २ कर्ष र यातावलको कर्ष १ समर्पण गरियो । यसैको आयस्ताबाट गुठी खलकले श्री ३ इन्द्रेश्वर आदि देवताको वर्षबन्धनमा सिन्दुर, फूल, जजमका (धागो) कतारो दही, निश्राव सिदा ६ भाग, घिउ, मह, सख्खर, तिल, जौ, दक्षिणा ३ दाम १ आवृत्ति, बत्ती बाल्न १ कुरूवा तेल, रोटीको प्रकार २, कलश १, कुचो १, दुई चोटी देवतालाई तेल घस्न तेल २ पल, अक्षता २ पल, दाफ्स्वा (एकप्रकारको फूल), २ पल, लावा १ पाथी, एलमाढे (योमरि), साधे दुई हातको कपडाको पताकाका लागि १ जुटाउनु पर्छ ।

सापादु (गाइजात्राको दिन) गाईलाइ गहुँ खुवाउने, श्री ३ इन्द्रेश्वरलाई एकजोर पूजा, पञ्चामृत बनाउने २ भाग निश्राव (सिदा) दक्षिणा २ दाम, गाईलाई पूजा १ जोर, सगुनको लागि २ कतारो दही, दक्षिणा १ दाम, २ चोटीको लागि ३ पाथी गहुं चाहिन्छ ।

सके माङा पुनि (कार्तिक शुक्ल पूर्णिमा)को दिन खीर भोजन गराउन, दूध पात १६ (माना) चामल १ कुरूवा घिउ, सख्खर, दक्षिणा दाम १, पामाढे (चेप्टो रोटी), पूजा १ जोर, पञ्चामृत बनाउनु पर्छ ।

शिवरात्रि चतुर्द्दशीको दिन पञ्चामृत बनाई पूजा १ जोर, २ भाग दक्षिणाका लागि दाम २, सय रूपियाको रोटी, घिउबत्तीका लागि २ पल घिउ, देवलमा पोत्न चून ५ पाथी, मुढा काठ १ बाल्नु पर्छ ।

हामल संकान्ति (माघे संक्रान्ति)को दिन पञ्चामृत बनाई पूजा १ जोर राख्ने । (यहा शिवरात्रि अघि र माघे संक्रान्ति पछि किन उल्लेख गरेको हो यो विचारणीय छ ।)

बिस्कात संक्रान्ति (वैशाख संक्रान्ति)को दिन पञ्चामृत बनाई १ जोर पूजा र दक्षिणा दाम राख्ने ।

पूर्णिमाहरूमा प्रत्येक महिना पूर्णिमाको दिन पञ्चामृत बनाई पूजा १ जोर र दक्षिणा राख्ने ।

नेपाल संवत् ७७९ (विक्रम संवत् १७१५) आषाढ शुक्ल ३ । फेरि सुखरात्रिको (लक्ष्मीपूजाको दिन) २ कतारो दही र १ गोटा विमिरा चढाउनु पर्छ ।

CC-0. Nepal Sanskri y, Kathmandu Collection

क्र. सं. १०० **बट्टा नं : ६** **अभिलेख नं : १३५** **खाम नं : २**
अभिलेख रहेको स्थान : भक्तपुर चागुँनारायण मन्दिरको उत्तरतर्फ जलद्रोणीमा रहेको शिलालेख ।
संवत् : ने.सं. ७८४
लिपि : प्रचलित नेवारी
आकार : १६ × १३८ से.मी.
शीर्ष चिन्ह : नभएको
पंक्ति नं : ३
अभिमुख : दक्षिण
G.P.S. : 27°42'59.4" north 85°25'40.4" east
कैफियत : अभिलेखका पाप्राहरू उप्किन थालेको ।







लिप्यन्तर

१. ॐ संवत् ७८६ श्री त्रिविक्रम शम्मान थ्व जलधुनि जिर्नोद्धार याङा थ्व जलधुनि सुना
२. नं स्यनकलसा पञ्चमहापातक राक जुरो, द्वादशि पूर्णमासि बुधबार रंख मथनसा
३. शास्त्रोक्त धाओ पाप राक ॥ शुभ

भाषान्तर

नेपाल संवत् ७८६ (विक्रम संवत् १७२२) को मितिमा श्री त्रिविक्रम शर्माले यो जलधुनि जीर्णोद्धार गर्नुभयो । जसले यो जलधुनि विगार्ला नष्ट गर्ला उसलाई पञ्चमहापातक लागोस् । द्वादशी, पूर्णिमा र बुधबारको दिन यस जलधुनिमा पानी भर्नुपर्नेछ । यो नगर्नेलाई पनि शास्त्रमा भनिएका पाप जति लागोस् । शुभ ॥

क्र. सं. १०१ **बट्टा नं : ६** **अभिलेख नं : १३६** **खाम नं : ३**

अभिलेख रहेको स्थान : भक्तपुर ठिमी इनाईं टोल सिद्धिकाली देवीथान चौरको शिलालेख ।

संवत् : ने.सं. ७८६ **लिपि :** प्रचलित नेवारी **आकार :** ३० × १३ से.मी.

शीर्ष चिन्ह : फुटीसकेको **पंक्ति नं :** ६ **अभिमुख :**

G.P.S. : 27°41'12.6" north 85°22'41.5" east

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।





लिप्यन्तर

१. ________________

२. ________________पाप वं हिति__

३. यासा __ सिंह भारो ॥ भिमसिंङ भारो मनो

४. होरसिङ भारो थ्व दुबारसन तया जुरो ॥

५. इनायक्व वुरो व नस्क २ कर्ष नस्य २ थ्वते वु दुंवा

६. सके तया जुरो ॥ संवत् ७८६ माघ शुदि १ शुभ ॥

भाषान्तर

___ सिंहभारो, भीमसिंह भारो, मनोहरसिंह भारोले द्वार बनाईदिए । यसको लागि इनायक्व खेत रोपनि २ कर्ष २ राखियो । यस कीर्तिलाइ नष्ट गरे पाप र हितभाव गरे धर्म जस्ता भाव पाइन्छ । नेपाल संवत् ७८६ (विक्रम संवत् १७२१) माघ शुदि १ शुभ ॥

CC-0. Nepal Sanskrit A... Kathmandu Collection

क्र. सं. १०२ **बट्टा नं : ६** **अभिलेख नं : १३७** **खाम नं : ४**

अभिलेख रहेको स्थान : भक्तपुर ठिमी सिवा टोल वाकछे महादेव मन्दिरको डबलीमा रहेको शिलालेख ।

संवत् : ने.सं. ७८६

लिपि : प्रचलित नेवारी

शीर्ष चिन्ह : चन्द्रसुर्यबिचमा चक्र

आकार : ४० × ३० से.मी.

पंक्ति नं : ९

अभिमुख : पश्चिम

G.P.S. : 27°40'39.7" north 85°23'12.3" east

कैफियत : शिलापत्रको माथिल्लो भागको अक्षरहरू मेटिसकेको ।


New Everest Party Palace
न्यु एभरेस्ट पार्टी महल
Adarsha Higher Secondary School
आदर्श उच्च माध्यमिक...
Ktm
Benelli Showroom
Google
Madhyapur Hospital
मध्यपुर हस्पिटल





लिप्यन्तर

१. ॐ स्वस्ति श्री (१ २) महादेव प्रीतिन वं
२. खाछें या (१ २ ३ ४ ५ ६ ७ ८ ९ १) स्त्रि क
३. मरा मयी (१ २ ३ ४ ५ ६ ७ ८ ९) थ्व सो(म्ह)से
४. न (केकाभु) दुंता (१ २ ३ ४ ५ ६ ७ ८ ९) यं
५. वोय कोन कु ६ थ्वते दुंता ॥ थ्व (१) र्य फलन
६. शिवपुरी (१ २) पुरी स्वर्गस प्राप्तो भवतु । संवत्
७. ७८६ श्रावण शुक्ल पूर्णमास्यान्तिथौ ॥ स्वदर्त्त प
८. रदर्त्त म्वाजो हरन्ति वसुन्धरा खष्टि वर्ष सहशा
९. नि विष्ठायां जायिते किमि ॥ शुभ ॥

भाषान्तर

कल्याण होस् । श्री महादेव प्रीतिको लागि बखाछेंका कमलामयी सहित तीन जनाले थाल वौकुना जस्ता पूजा भाँडाका सामानहरू चढाएको भाव पाइन्छ । यो समर्पण कार्यले शिवपुरी स्वर्ग प्राप्त होस् । नेपाल संवत् ७८६ (विक्रम संवत् १७२२) श्रावणशुक्ल पूर्णिमा तिथि ।

आफूले दिएका दान र अरूले दिएका दान जसले हरण गर्छ । ऊ साठी हजार वर्ष पर्यन्त विष्टाको किरा भएर रहनु परोस् । शुभ ॥

CC-0. Nepal Sanskrit Kathmandu Collection

क्र. सं. १०३ **बट्टा नं : ६** **अभिलेख नं : १३८** **खाम नं : ५**

अभिलेख रहेको स्थान : भक्तपुर गोलमढी टोल गणेश मन्दिरको दक्षिणतर्फ पाटीको पेटीमा रहेको शिलालेख ।

संवत् : ने.सं. ७८७ **लिपि :** प्रचलित नेवारी

शीर्ष चिन्ह : फुटिसकेको **पंक्ति नं :** १५ **आकार :** ३५ × २२ से.मी.

G.P.S. : 27°40'20.3" north 85°25'57.0" east **अभिमुख :** पश्चिम

कैफियत : अभिलेखको धेरै भाग खण्डित भइसकेको ।




Star Banquet
Byasi
Rd
Hotel Bhaktapur Inn
Hotel Bhaktapurinn
Dattatreya Square
Sunrise Bank Ltd.
Bhaktapur Branch
Jelan
Nyatapola Temple
Siddhi Memorial Women
and Children Hospital
Riders Choice Ne
- Hamro Helmet S
Google
Jagati
Adarsha Bus Stop





लिप्यन्तर

१. न इरान______
२. _तोलन दुंता हरिराम
३. ___शिव__राम मार
४. ___वे शृ नाथ _पिराम पि
५. _कृष्णराम, शि___जिब
६. _____रि हाकु, शंखरा
७. _कृ______देव, तुल
८. श्री राम___समुश्चय
९. न दुंता ___न स्वर्ग्गन.
१०. प्राप्त__संवत् ७८७ चैत्र
११. कृष्ण ॥ ____सोमबार
१२. थ्वकुन्हु____॥ थ्व पञ्चन
१३. __विचाल यायमाल ॥ शुभ ॥
१४. शुभ रामकृष्ण नील हस्तसिं भिम
१५. ________तया थ्व

भाषान्तर

हरिराम, शिवराम, कृष्णराम, रामकृष्ण सहित सकल समुच्चय भई गणेश मन्दिरमा चँदुवा, तोरण चढाइयो । यस पुण्यले परलोकमा स्वर्ग प्राप्त कामना गरियो । यो कृतिको हेरविचार पनि पञ्च समूहले गर्नुपर्छ शुभ ॥
नेपाल संवत् ७८७ (विक्रम संवत् १७२३) चेत्र कृष्ण __ सोमबार ।

CC-0. Nepal Sanskrit A Kathmandu Collection

क्र. सं. १०४ **बट्टा नं : ६** **अभिलेख नं : १४०** **खाम नं : ७**

अभिलेख रहेको स्थान : भक्तपुर गोलमढी टोल चैत्यको पश्चिमतर्फ रहेको शिलालेख ।

संवत् : ने.सं. ७८९ **लिपि :** प्रचलित नेवारी **आकार :** ३१ × ३६ से.मी.

शीर्ष चिन्ह : चन्द्रसुर्यबिचमा चैत्य **पंक्ति नं :** १४ **अभिमुख :** पश्चिम

G.P.S. : 27°40'20.8" north 85°25'57.5" east

कैफियत : अभिलेखको पाप्राहरू उप्किन थालेको र एक पत्ति अभिलेख छोपिएको ।




Malpot Offic
Khwopa Hospital
Mayur Restaurant
Jelan Galli
Kh
Coll
Engir
Mega Ba
Maheshwari Banquet
महेश्वरी ब्याङ्क्वेट
Women
Hospital
Riders Choice Nepal
- Hamro Helmet Shop
Jagati wholesale
Google
Jagati Police Station





CC-0. Nepal Sansk my, Kathmandu Collection

लिप्यन्तर

१. ___________(हेव विका जित)____
२. _शांतबर्ण नक यत्न (१ २ ३ ४ ५ ६) शस्तदनक म (१ २ ३ ४)
३. _तिबह देवतातो ॥ अद्यात्यादि ॥ देवेरजिकनुथवबु भारो (१)
४. (१ २ ३) जुय प्रतिमा दयका ॥ गोरमधे टोल । चैत्रभार दयका खा
५. वु रोव छि १ षुप्यावु छपेक या स्ववोस नेवो थ्वते या वुश्चानन कति
६. न पुनिशि कुन्हु चाकरमता छोतक्य माल प्वात ङा ५ भोविन
७. मार, नित्यपूजा गुभारन याचके माल जुज निश्चाव वियमार वर्ष
८. पति । देवन जिक छये शिव देव जिर जिबराय रामचन्द्र
९. छय कल्यानिमयि गोस्ति गोपिराम मंजुराम थ्वते सेन
१०. पालन पाल निस्तरपेमार । मनिस्तर पलसा देव सनिग्रह ला
११. क ॥ निस्तरपकारे उत्तरोत्तर स्वर्गवास भवस्ति ॥ ॐ संवत्
१२. ७८९ चैत शुक्ल ॥ सप्तमी मृगशिर नक्षत्रे । आयु धर्म्मान याये
१३. सोमबार कुन्हु ॥ प्रतिष्ठा याङा दिन ॥ स्वस्ति शुवमस्तुः ॥
१४. अन्नपूर्णा ॥ देव ॥ दुग्गा ॥ धनदेव ॥

भाषान्तर

आजको दिन । गोलमाढी टोलमा दाताले आफ्नो बुवाको प्रतिमा बनाई चैत्य स्थापना गरियो । खावु खेत रोपनि १, षुप्यावु खेत १ रोपनिको तीन खण्डको दुई खण्ड यसको वर्षबन्धन गर्न, कतिनपुनि (असोज पूर्णिमा)मा चारैतिर घेराबत्ती बाल्ने, ५ वटा ठूलो देवा बाल्ने, नित्य पूजा गुरूजु बज्राचार्यबाट गराउने, निश्राव (सिदा) दिने कार्य हरेक वर्ष गर्नु पर्छ । यस कार्य हेरविचार दाताका नातिहरू शिवदेव, जिबराय, रामचन्द्र, कल्याणमयि, गोपि राम, मंजुराम यति जनाले निरन्तर चलाउनु पर्छ । यदि निरन्तरता दिएन भने देवताको अनुग्रह लागोस् । यदि निरन्तरता दियो भने उत्तरोत्तर प्रगति हुनेछ र अन्तमा स्वर्गप्राप्ति हुनेछ । नेपाल संवत् ७८९ (विक्रम संवत् १७२५) चैत शुक्ल सप्तमी, मृगशिर नक्षत्र, आयुष्मान योग, सोमबारको दिन प्रतिष्ठा गरियो । कल्याण होस् शुभ ॥

CC-0. Nepal Sanskrit Ac Kathmandu Collection

क्र. सं. १०५ **बट्टा नं : ६** **अभिलेख नं : १४३** **खाम नं : १०**
अभिलेख रहेको स्थान : भक्तपुर दरबार क्षेत्रको विजुक्छे आगम घरको शिलालेख ।
संवत् : ने.सं. ७९३ **लिपि :** प्रचलित नेवारी **आकार :** १० × २२ से.मी.
शीर्ष चिन्ह : **पंक्ति नं :** ४ **अभिमुख :** पश्चिम
G.P.S. : 27°40'25.6" north 85°25'41.1" east
कैफियत : दरबार क्षेत्रको दक्षिण तर्फ रहेको आगम घरमा रहेको ।




Bhaktapur Industrial Estate
भक्तपुर औद्योगिक क्षेत्र
Nabil Bank ATM
Bhaktapur Durbar Square
Taumadhi Square
Pottery Square
कुम्हः त्वः
कुमाले टोल
Ramamandir Rd
Siddhi M... and Chi... Ho
Hanumante River
Google





लिप्यन्तर

१. संवत् ७९३ मार्ग्गशिर शुक्ल पुनिश, रो
२. हिणीनक्षत्र, साध्ययोग आदित्यबार, थ्व
३. कुन्हु श्री ३ आगमजुसके, कल्याणसिंह
४. पालुन, निम्हा स्त्रीपुरूखन विलिंपति तोरण दुंता शुभ ॥

भाषान्तर

नेपाल संवत् ७९३ (विक्रम संवत् १७२८) मार्गशिर, शुक्ल पूर्णिमा, रोहिणी नक्षत्र, साध्य योग, आदित्यबारको दिनमा श्री ३ आगमजु देवता प्रीति कामना गरी कल्याणसिंह पालुले जोडी सिंह, टुंडाल, तोरण चढाइयो शुभ ॥

क्र. सं. १०६ **बट्टा नं : ६** **अभिलेख नं : १४५** **खाम नं : १२**

अभिलेख रहेको स्थान : भक्तपुर जेलाँ टोल गणेशथानको जलद्रोणीमा रहेको शिलालेख ।

संवत् : ने.सं. ७९३

लिपि : प्राचिन नेवारी

आकार : १३ × ५९ से.मी.

शीर्ष चिन्ह :

पंक्ति नं : ३

अभिमुख : दक्षिण

G.P.S. : 27°40'20.9" north 85°26'41.0" east

कैफियत :




Nagarkot Bus Park
नगरकोट बस पार्क
Garud Kundal Road
Malpot Office, Bh
Khwopa Hospital
Dattatreya Square
Jelan Galli
Khwopa College of Engineerin
ख्वप इन्जिनियरिङ कलेज
Jay Shree Barahi Newari Khaja Ghar
near
uare
Maheshwari Banquet
महेश्वरी ब्याङ्क्वेट
Riders Choice Nepal - Hamro Helmet Shop
hen
pital
स्मृति



लिप्यन्तर

१. ॐ स्वस्ति श्री ३ इस्तदेवताप्रीति जरधारा दयका यंयराछे टोल खण्डचुकया शिवकृष्णभारा, भिम भारो
२. णेम्ह फकिजस्यानं दयका, कदाचित् सुहुविहु पञ्चम विचार यायमार ।। संवत् ७९३ आषाढ कृष्ण ८ । नवमी
३. हस्त नक्षेत्रे, वरियान योगे गुरूवाशले इत्यादि ।। पतिष्ठायाङ दिन, जुलो, शुभमस्तु सर्व्वदा शुभ ।।

भाषान्तर

कल्याण होस् । श्री ३ इस्तदेवता प्रीतिको लागि यंयराछे टोल खण्ड चोकका शिवकृष्ण भारो र भिम भारो यी दुई जना दाजुभाइले जलधारा बनाईयो । कदाचित बिगारेमा पञ्चमहापाप लाग्ला भनी विचार गर्नुपर्छ । नेपाल संवत् ७९३ (विक्रम संवत् १७२९) आषाढ कृष्ण अष्टमी उप्रान्त नवमी, हस्त नक्षत्र, वरियान योग, गुरूबारको दिन प्रतिष्ठा गरियो । शुभ होस् सदा सर्वदा ।।

CC-0. Nepal Sanskrit Aca thmandu Collection

क्र. सं. १०७ **बट्टा नं : ६** **अभिलेख नं : १४६** **खाम नं : १३**

अभिलेख रहेको स्थान : भक्तपुर ठिमी पतसी टोल गणेश मन्दिरमा रहेको शिलालेख ।

संवत् : ने.सं. ७९४ **लिपि** : प्रचलित नेवारी **आकार** : २० × १७ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा कमल **पंक्ति नं** : ११ **अभिमुख** :

G.P.S. :

कैफियत : अभिलेख रहेको स्थान पत्ता लगाउन नसकिएको ।



लिप्यन्तर

१. स्वस्ती ॥ श्री ३ पेतोरशिकौ ॥ गने
२. सयाकेः ॥ भागीराम, जयहरि, भायरा
३. म, दुर्ज, सतेराम, कपिराम ॥ थ्व खुम्ह स
४. मुचयन ॥ थ्व देवल दयकाव प्रतीस्था या
५. ङा ॥ संवत् ७९४ ॥ फागुन पूर्नमाशि
६. हस्त नक्षत्र विधिजोग बृहस्पतिबाल कुन्हु
७. प्रत्सिठा याङा दिण जुरो, देवर सुनानं क
८. चंगल थाङान, सेणकरशा पञ्चमाहापाप
९. राक गनेसयाव दितीराक जुरोः ॥ शुना
१०. नं सेल्ह यातसा उत्तम पुने राक जुरो ॥
११. शुभः ॥

भाषान्तर

कल्याण होस् । श्री ३ पेतोरशिकोका थान गणेशका लागि भागीराम, जयहरि, भायराम, दुर्ज, सत्यराम, कपिराम यी ६ जना समुच्चय भई देवल बनाई गणेश प्रतिष्ठा गरियो । नेपाल संवत् ७९४ (विक्रम संवत् १७२९) फागुनशुक्ल पूर्णिमा, हस्त नक्षत्र, वृधि योग, बृहस्पतिबारको दिन देव प्रतिष्ठा गरियो । यो देवलको विषयमा कसैले कचिंगल उठाई बिगारेमा पञ्चमहापातक लागोस् र गणेश देवताको कुदृष्टि लागोस् । कसैले यसको मर्मत जीर्णोद्धार गर्छ भने उनको उत्तरोत्तर पुण्य लागोस् ॥ शुभ ॥

CC-0. Nepal Sanskrit Aca thmandu Collection

क्र. सं. १०८ **बट्टा नं : ६** **अभिलेख नं : १४९** **खाम नं : १६**

अभिलेख रहेको स्थान : भक्तपुर ठिमी इनायाचो टोल सिद्धिकालीदेवी मन्दिर भित्र रहेको शिलालेख ।

संवत् : ने.सं. ७९६ **लिपि :** प्रचलित नेवारी **आकार :** २२ × १६ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा चक्र **पंक्ति नं :** १६ **अभिमुख :**

G.P.S. : 27°41'12.6" north 85°22'41.5" east

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।





लिप्यन्तर

१. श्रीयोस्तु ॥ शुभ संम्वत् ७९६ वैशाष मास्य शुक्लप
२. क्ष त्रयोदस्यान्तिथौ हस्तनक्षत्रे वज्रजोगे ज
३. थाकर्ण्ण मुहूत्रे, आदित्यबारसरे मेषरासिश
४ वितरे कन्यलासिगते चन्द्रमसि थो मन्दप द
५. यका दिन जुलो, थो मण्डप रामचन्द्र क्षौर
६. कत्नत्दयका जुलो, तस्यभाय्र्या, सत्यवति,
७. तस्य पुत्र लामहरि, विस्यश्वर पेम्हंस्यन प्रलिफ
८. रे थोनय गुरि दयका जुरो, थो फरेपरि
९. गोम्हानं स्यनकावशानसा, गोहर्थ्या गुरू
१०. हर्थ्या, बालहर्थ्या, स्त्रिहर्थ्या, ब्रह्महर्थ्या,
११. थोफरे, गोम्हान स्यनकावसानसा,
१२. पञ्चमहापातक, तस्यपुन्य प्रभावन
१३. शुषावति संम्प्राप्त लायिव जुरो गाव
१४. रसंस्यननाव, थोफरेल्होन्येमार ला
१५. मचन्द्रस्य पिता भिलाम क्षौरक, तस्य भा
१६. य्र्या सहित तस्यमान्यन दयका शुभ ॥

भाषान्तर

कल्याण होस् ॥ नेपाल संवत् ७९६ (विक्रम संवत् १७३२) वैशाख शुक्ल त्रयोदशी तिथि, हस्त नक्षत्र, वज्रयोग, यथाकरणमुहूर्त्त, आदित्यबार, मेष राशिमा सूर्य र कन्या राशिमा चन्द्रमा परेको शुभ बेलामा यो मण्डप डबली बनाईयो । यो डबली मण्डप रामचन्द्र क्षौरक (नापित)ले बनाउन दिएको हो । उनका पत्नी सत्यवती र छोरा लामहरि, विस्येश्वर यी चारजना भइ पालिफलेपाटी पनि बनाईयो । यो पाटी कसैले बिगारेमा गोहत्या, बालहत्या, स्त्रीहत्या, गुरूहत्या, ब्रह्महत्या आदि पञ्चमहापातक लागोस् । यो पाटी कसैले मर्मत जीर्णोद्धार गरेमा परत्रमा सुखावती भुवन प्राप्त होस् । शुभ ॥

CC-0. Nepal Sanskrit A Kathmandu Collection

क्र. सं. १०९ **बट्टा नं : ६** **अभिलेख नं : १५०** **खाम नं : १७**

अभिलेख रहेको स्थान : भक्तपुर ठिमी इनायाचा टोल खोलापारि ठूलो भगवान अगाडि पाटीमा रहेको शिलालेख ।

संवत् : ने.सं. ७९७

लिपि : प्रचलित नेवारी

आकार : १३ × १४ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा चक्र

पंक्ति नं : १०

अभिमुख :

G.P.S. : 27°40'13.2" north 85°25'58.0" east

कैफियत : अभिलेख रहेको स्थान पत्ता नलागेको ।



लिप्यन्तर

१. स्वस्ति ॥ श्री ३ लक्ष्मीनारायण फले ने
२. ख्य पिता दिवंगत दैवज्ञ हरिराम
३. या नाम प्रतिमा दयका हाकु चुकुती
४. नेम्हंसन प्रतिष्ठा याङा दिन अद्य
५. त्यादि ॥ वैशाखशुकल चतुर्थी बुध
६. बार ॥ संवत् ७९७ ॥ : ॥ नित्यपूजा
७. नयाय चेतसिं धुके गोत्रे जजमका
८. स्वान धरि वो १ संध्यास मताप्वा
९. त १ ॥ फले सेल्हों विचाल याकसा
१०. न, थव वंशनं शुभमस्तु शिर्व ॥

भाषान्तर

कल्याण होस् ॥ श्री ३ लक्ष्मीनारायण फलेपाटीको दायाबायाँ दुईतिर दिवंगत पिता दैवज्ञ हरिरामको नाममा हाकु र चुकुति यी दुईजनाले प्रतिमा सालिक बनाई प्रतिष्ठा गरियो । आज नेपाल संवत् ७९७ वैशाखशुक्ल चतुर्थी बुधबार हो । यसको लागि नित्यपूजा र सन्ध्या आरती गर्ने र फलेपाटीको आफ्नो वंश हुंजेलसम्म मर्मत संभार गरेमा भलो होस् । शुभ ॥

CC-0. Nepal Sanskrit Ac… …athmandu Collection

क्र. सं. ११० **बट्टा नं : ६** **अभिलेख नं : १५१** **खाम नं : १८**

अभिलेख रहेको स्थान : भक्तपुर गोलमढी याटा टोल धारासँगै पाटीमा रहेको शिलालेख ।

संवत् : ने.सं. ७९७ **लिपि :** प्रचलित नेवारी **आकार :** २२ × २२ से.मी.

शीर्ष चिन्ह : दुई चक्रबिचमा खड्ग **पंक्ति नं :** १६ **अभिमुख :**

G.P.S. : 27°40'13.3" north 85°25'58.0" east

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।




otel Bhaktapur Inn
Dattatreya Square
Ltd.
Sunrise Bank Ltd. Bhaktapur Branch
Jelan Ga
Nyatapola Temple
न्यातपोल प्यागोडा
Jyoti Bank
Siddhi Memorial Women and Children Hospital
सिद्दि स्मृति महिला तथा बाल...
Riders Choice Nepa - Hamro Helmet Sho
Jagati who
Adarsha Bus Stop
Jagati Police
ya Banijya Bank



CC-0. Nepal Sanskrit Kathmandu Collection

लिप्यन्तर

१. स्वस्ति ॥ वर्षे घोटकरंध्रभूधरमिते वैशाखमासे सितेन
२. क्षत्रेऽर्प्यमदैवतेऽन्तकतिथौ सौम्ये दिने हर्षणे चक्रेटेक
३. नसिंहनामकपितृः प्रोद्देशत शोभना, शालाधर्ममति मनो
४. हरमृगेन्द्राख्यः प्रणाली मुदा ॥ श्री ३ भवाणीशङ्कर श्री ३
५. विश्वेश्वर नेम्हा श्री ३ लक्ष्मीनारायण थ्वतेस प्रीतिन ववु
६. दैवज्ञ टेकनसिंहया उद्देशन दैवज्ञ मनोहरसिंहन फ
७. ले इति सुद्रा प्रतिष्ठा याङा थ्वते देवता प्रीतिन थेमिबु
८. क्वधरस वुरो ३ दुंता, थ्वतेया वलसानन, ब्राह्मणया
९. तावछि, पूजा वोसपेयाता सेल्होयाता दकोन वछि पू
१०. जा वोसपे थवकं, पूजा सामग्री, चेत स्वान सिंदुर ध
११. लि वो २॥ पूजावलि श्रीराघवओझाजुया सन्ततिस
१२. न्तान दतोले पूजायाचके माल, थ्वस वंशमदतना
१३. व, दवम्हं ब्रह्मणन याचकेमाल ॥ विश्वजात्रान ने
१४. न्हु, इन्द्रजात्रान च्यान्हु तोंमता विय, प्वात ३ दुधुहायके
१५. न्हिन, पात २ थ्व वस्तु, वुंथव अधिन, मेवन तत्पेमदु ।
१६. संवत् ७९७ वैशाखमासे शुक्लपक्षे दशम्यान्तिथौ

भाषान्तर

कल्याण होस् ॥ संकल्प वाक्य ॥

श्री ३ भवाणीशंकर, श्री ३ विश्वेश्वर र श्री ३ लक्ष्मीनारायण प्रीतिको लागि पिता दैवज्ञ टेकन सिंहको अभिलाषालाई दैवज्ञ मनोहर सिंहले पाटी र धारा प्रतिष्ठा गरियो । यी देवताको प्रीतिको लागि थेमि क्वधर बु खेत रोपनि ३ समर्पण गरियो । यसको आयस्ता ब्रह्मणका लागि आधी र अर्को आधाबाट पूजा र मर्मत संभार जीर्णोद्धार गर्नु । पूजावारि श्री राघव ओझा र उनका सन्तानलाई दिने, उनको वंश भएन भने अर्को ब्रह्मणद्धारा गराउनु पर्छ बिस्काजात्राको दुईदिन र इन्द्रजात्राको आठ दिनसम्म बत्ती बाल्ने र दुधको धारा बगाउने यसको सट्टा अरू वस्तु राख्न पाइन्न । नेपाल संवत् ७९७ (विक्रम संवत् १७३३) वैशाखशुक्ल दशमी ॥ शुभ ॥

CC-0. Nepal Sanskrit Ac athmandu Collection

क्र. सं. १११ **बट्टा नं : ६** **अभिलेख नं : १५२** **खाम नं : १९**

अभिलेख रहेको स्थान : भक्तपुर यसिंखेल पुलनिर पाटीमा रहेको शिलालेख ।

संवत् : ने.सं. ७९८ **लिपि :** प्रचलित नेवारी **आकार :** २३ × १३ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा चक्र **पंक्ति नं :** १३ **अभिमुख :**

G.P.S. : 27°40'08.8" north 85°25'48.1" east

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।






Nabil Bank ATM
As busy as it gets
haktapur Durbar Square
भक्तपुर दरबार क्षेत्र...
Taumadhi Square
Pottery Square
कुम्हः त्वः
कुमाले टोल
Rammandir Rd
Siddhi Memorial Women and Children Hospital
सिद्धि स्मृति महिला तथा बाल...
Hanumante River
Doleshwo
Adarsha Bus Stop
F099

लिप्यन्तर

१. ॐ शुभ ॥ हाकुसिंह
२. खगि, गयाराम खगि,
३. वासिं खगि स्वम्ह फुकि
४. ज समुच्चयन थ्व फरे द
५. यका जुरो, थ्वपनिस
६. वंसन सेल्हो याके मा
७. र जुरो, थ्वफरे सुनानं
८. कचंगर थाङान मोच
९. करसा पंञ्चमहापा
१०. तकराक जुरो, निदा
११. नयातसा उत्तमराक
१२. संवत् ७९८ वैशाखशु
१३. क्लः तृतीयान्तिथौ ॥ शुभ ॥

भाषान्तर

शुभ भलो होस् ॥ हाकुसिंह खगि (खड्गि), गयाराम खगि (खड्गि), वासिं खगि (खड्गि) यी तीन जना सगोत्री दाजुभाई समुच्चय भई यो पाटी बनाईयो । यिनीहरूको वंश छउञ्जेलसम्म यसको स्याहार संभार मर्मत गर्नुपर्छ । यो पाटीको विषयमा कचिंगल उठाए पञ्चमहापातक लागोस् र निदान गरेमा उत्तम फल लागोस् । नेपाल संवत् ७९८ (विक्रम संवत् १७३४) वैशाखशुक्लः तृतीया तिथि शुभ ॥

CC-0. Nepal Sanskrit A... Kathmandu Collection

क्र. सं. ११२ **बट्टा नं : ६** **अभिलेख नं : १५५** **खाम नं : २२**
अभिलेख रहेको स्थान : भक्तपुर चुपींघाटको दक्षिणपट्टी पाटीमा रहेको शिलालेख ।
संवत् : ने.सं. ८०० **लिपि :** प्रचलित नेवारी **आकार :** १९ × १६ से.मी.
शीर्ष चिन्ह : नभएको **पंक्ति नं :** १३ **अभिमुख :**
G.P.S. : 27°40'08.8" north 85°25'48.1" east
कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।




Nabil Bank ATM
As busy as it gets
haktapur Durbar Square
भक्तपुर दरबार क्षेत्र...
Taumadhi Square
Pottery Square
कुम्हः त्वः
कुमाले टोल
Ramnandir Rd
Siddhi Memorial Women and Children Hospital
सिद्धि स्मृति महिला तथा बाल...
Hanumante River
Doleshwo
Adarsha Bus Stop
F099



लिप्यन्तर

१. स्वस्ति ॥ श्री ३ स्वेष्ट देवता प्रीतिन फ
२. ले दयका गोपालसिंह, काशि जि
३. वराम, कृष्णदेव, शिवराम, भीम
४. शिवकृष्ण, चिकुन दोय, सहदेव, ह
५. रि, शिवनाराण, विश्वनाथ, हरिकृ
६. ष्ण, रामनारायण, भायराम गोपि
७. नाथ, चिकुन, विशवराम, शिवहरि
८. कोख, पाहान, शिवहरि, वासुदेव
९. थ्वते समुच्चयन दयका जुरोम् ॥ ॥
१०. संवत् ८०० चैत्रवदि ४ ॥ शुभं ॥
११. पुनभाषा, थ्व फले वर्ष प्रति, पा
१२. ललाक म्हंन ल्होमके माल जुरो
१३. सेनकरसा पञ्चमहापातक ॥

भाषान्तर

कल्याण होस् ॥ श्री ३ स्वेष्टदेवता प्रीतिको लागि गोपालसिंह, काशि जीवराम, कृष्णदेव, शिवराम, भीम शिवकृष्ण, चिकुन दोय, सहदेव, हरि, शिवनाराण, विश्वनाथ, हरिकृष्ण, रामनारायण, भायराम, गोपिनाथ, चिकुन, विश्वराम, शिवहरि, कोख, पाहान, शिवहरि, वासुदेव यति समुच्चय भई फलेपाटी बनाईयो । नेपाल संवत् ८०० (विक्रम संवत् १७३६) चैत्रवदि ४ ॥ शुभं ॥ फेरि यस पाटीलाई प्रत्येक वर्ष पालैपालो मर्मत संभार गर्नुपर्छ बिगारेमा पञ्चमहापातक लागोस् ॥

CC-0. Nepal Sanskrit Ac athmandu Collection

क्र. सं. ११३ **बट्टा नं : ६** **अभिलेख नं : १५७** **खाम नं : २४**

अभिलेख रहेको स्थान : भक्तपुर थाछे पिथुवहि टोल महादेव मन्दिरनेर पाटीमा रहेको शिलालेख ।

संवत् : ने.सं. ८०० **लिपि :** प्रचलित नेवारी **आकार :** १६ × ११ से.मी.

शीर्ष चिन्ह : मेटिएको **पंक्ति नं :** १६ **अभिमुख :**

G.P.S. : 27°40'14.7" north 85°25'42.6" east

कैफियत : यो स्थान जंगम मठको पछाडी रहेको छ ।


Pottery Square
कुम्हः त्वः
कुम्हाले टोल
Rammandir Rd
Siddhi Memorial Women and Children Hospital
सिद्धि स्मृति महिला तथा बाल...
Hanumante River
Adarsha Bus Stop
F099
Healthy Futsal



लिप्यन्तर

१. ________
२. कल्पे वैवश्वत मनन्तले कलि
३. युगे भलतखण्डे जाम्वुदीपे
४. (हिमवत्पादे) नेपालदेसे पशुपति
५. सन्निधाने वाशुकी क्षत्रे वाग्मत्या
६. या पूर्व कुले श्री भक्तपत्तने आय्र्या
७. ___ पुण्य ___ र्मा
८. ___ तिथौ ___
९. _____ विहस्पति
१०. ___ लया ___ रोस्व
११. ________ देवस्थापना -
१२. याञ जुरो ॥ संवत् ८०० शुभ ॥
१३. ___ थ्व देवके _____ था
१४. _____ रंसा पञ्चमहापा
१५. ___ लाक जुरो, स्वम्हानसं
१६. ___ याके मार ॥ शुभ ॥

भाषान्तर

वैवस्वत मनोन्तर कलियुग भरतखण्डमा जम्बुद्वीप हिमालयको दक्षिण पाउमा नेपाल देशमा पशुपतिनाथ नजिकै वासुकी क्षेत्र वाग्मतीको पूर्व तर्फ भक्तपुरमा पूर्णिमा तिथि बृहस्पतिबारको दिन देवस्थापना गरियो । यो देवल कसैले बिगारे पञ्चमहापाप लागोस् । निदान गरे पुण्य फल लागोस् । यसको रेखदेख गर्ने कार्य तीन जना व्यक्तिलाई दिइएको छ । नेपाल संवत् ८०० । शुभ ॥

क्र. सं. ११४ **बट्टा नं : ६** **अभिलेख नं : १५९** **खाम नं : २६**
अभिलेख रहेको स्थान : भक्तपुर क्वाठण्डौं टोल चोकको चैत्यनेर पर्खालमा रहेको शिलालेख ।
संवत् : ने.सं. ८०२ **लिपि :** प्रचलित नेवारी **आकार :** ३४ × २५ से.मी.
शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा चैत्य **पंक्ति नं :** १७ **अभिमुख :** उत्तर
G.P.S. : 27°40'28.8" north 85°26'03.7" east
कैफियत :




Khwopa College (TU Affiliated)
Nagarkot Bus Park
नगरकोट बस पार्क
Star Banquet
स्टार ब्यान्क्वेट
Bagisw
Dattatreya Square
Sidd
Ltd. Ka
Jelan Galli



CC-0. Nepal Sanskrit Ac... Kathmandu Collection

लिप्यन्तर

१. ॐ नमौ श्री ३ धर्म्मधातबे नमः ॥ ॐ अद्य बाराह कल्पे वैवशुत
२. मनोतरेत्यादि ॥ अदे पौषमास्य शुक्लपक्षे एकादशि प्र द्वाद
३. स्याया तिथौ, रोहिशनिनक्षत्रे ब्रह्मयोगे जथाकर्ण्ण मुहूर्त्तरे
४. बुधवासरे मक्ररासिगते सवितरि वृषरासि चन्द्रमसि ॥
५. थ्वकुन्हु श्री ३ रक्ष चैत्य धर्मधातु प्रतिष्ठायाङा ॥ दानपति श्री
६. शाक्यभिक्षु पद्मसिंह स्त्री मोहोधरि नेम्ह स्त्रीपुलुषन पि
७. ता श्री शाक्यभिक्षु धर्म्मराज माता देवजानि, थ्वनेम्ह स्ता द
८. यका जुलो ॥ वर्ष पति वुसाधन याय, कुरेस पूजा यज्ञया
९. य पञ्चरक्षा पाथ याय प्रत्यंगिरा पाथ याय, थुति यायमार
१०. मता कि कु ६ दक्षिना दं २० थुति हानेमार गुरूभार म्हं ५
११. मात्रा म्ह १ थुति वोरेमार ॥ कतिनि पुन्हिसन हाने पूजा जु १
१२. पाचा मात धरि पा २ मता प्वात २५ चेकन कु २ थुतिन दवथे
१३. मता छोचके मार सतिकुन्हु मता कोकाय, पूजा जु १ सगन
१४. धरिपात २ गुरूभार म्ह १ थुति कतिं यातन हाने मारजु
१५. लो ॥ थुतिहाने मार थुति महानसा श्री ३ धर्म्मधातु या कुदि
१६. ष्टि पञ्चमाहापातक थुति यातसा अहोरात्र यज्ञ याङाया
१७. शुभ राक जुलो ॥ संवत् ८०२ पौष शुदि १२ शुभ सर्व्वदा ॥

भाषान्तर

श्री ३ धर्म्मधातुलाई नमस्कार ॥ आज वराहकल्पमा वैवस्वत मनोन्तरको सुरूवातमा आज पौष महिनाको शुक्लपक्षको एकादशी उप्रान्त द्वादशी तिथिमा, रोहिणी नक्षत्र, ब्रह्म योगमा, यथाकरण मुहूर्त्तमा, बुधबार, मकर राशिमा सूर्य र वृष राशिमा चन्द्रमा बसेको बेलामा यसदिन श्री रक्षचैत्य धर्मधातु प्रतिष्ठा गरियो । दाता श्री शाक्यभिक्षु पद्मसिंह उनका पत्नी मोहोधरि यी दुई स्त्रीपुरूषले पिता श्री शाक्यभिक्षु धर्म्मराज, माता देवजानि यी दुई जनाको नाममा यो बनाईयो । हरेक वर्ष यस चैत्यको वर्षबन्धन गर्दा कूलमा पूजा यज्ञ गरी पञ्चरक्षा पाठ, प्रत्यंगिरा पाठ, दक्षिणा बत्ती बाल्ने कार्य चलाउनुपर्छ । यसमा ५ जना गुरूजु र ५ जनागुरूमा बोलाउनु । कतिनि पुन्हि (आश्विन शुक्ल पूर्णिमा) मा पनि यस्तै गरि पूजा प्रथा चलाउनु पर्छ । यसरी चलाएन भने श्री ३ धर्मधातुको कुदृष्टि र पञ्चमहापातक लाग्ला । यति गरिन् भने अहोरात्र यज्ञ गरे जति पुण्य फल लागोस् । नेपाल संवत् ८०२ (विक्रम संवत् १७३७) पौष शुदि १२ शुभ सदा सर्वदा ॥

CC-0. Nepal Sanskrit A Kathmandu Collection

क्र. सं. ११५ **बट्टा नं : ६** **अभिलेख नं : १६०** **खाम नं : २७**

अभिलेख रहेको स्थान : भक्तपुर जेलाँ टोल खोलावारी पुलनेर पाटीमा रहेको शिलालेख ।

संवत् : ने.सं. ८०२ **लिपि :** प्रचलित नेवारी **आकार :** १६ × १६ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा चक्र **पंक्ति नं :** १० **अभिमुख :**

G.P.S. : 27°40'19.3" north 85°26'09.0" east

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।




Khwopa Hospital
tatreya Square
Khwopa College of Engineering
Jelan Gali
Mega Bank Nepal
Maheshwari Banquet
Riders Choice Nepal - Hamro Helmet Shop
Jagati wholesale
Google



लिप्यन्तर

१. स्वस्ति ॥ श्री ३ इस्तदेवप्रीति
२. भुक्तिमुक्ति कामनान लोहोसाला
३. या कासिलाम भारो मंगलामयि ने
४. म्ह स्त्रीपुलुखन थ्व फले दयका
५. संवत् ८०२ भाद्रपद कृष्ण १ प्र
६. तिष्ठायाङा दिन, सुनान मायामो
७. होन सेनकलसा पञ्च माहापा
८. तक, सेल्होयाक याता फले दय
९. कायाति फल लाक जुलो ॥ शुभ ॥
१०. १०२५ दुता १०२७ पञ्चण होना

भाषान्तर

कल्याण होस् ॥ श्री ३ इस्तदेवता प्रीतिको लागि र भुक्ति मुक्ति कामना गर्दै लोहोसालाका कासिराम भारो र मंगलामयि यी दुई स्त्रीपुरूषले यो फलेपाटी बनाईयो । नेपाल संवत् ८०२ (विक्रम संवत् १७३८) भाद्र कृष्ण १ को दिन प्रतिष्ठा गरियो । यसलाई लोभलालचले बिगारेमा पञ्चमहापातक लागोस् । यस फलेपाटीको स्याहार मर्मत गरेमा पाटी बनाएको जति पुण्य फल लागोस् । शुभ ॥

क्र. सं. ११६ **बट्टा नं : ६** **अभिलेख नं : १६१** **खाम नं : २८**

अभिलेख रहेको स्थान : भक्तपुर महाकाली वन कालीका थानको पाटीमा रहेको शिलालेख ।

संवत् : ने.सं. ८०५

लिपि : प्रचलित नेवारी

आकार : २१ × १४ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा खड्ग

पंक्ति नं : ११

अभिमुख : पूर्व

G.P.S. : 27°40'34.1" north 85°25'51.2" east

कैफियत :


cholashwor Mahadev
Khwopa College (T Affiliated)
Byasi
Sworga Restro a
Nagarkot Rd
Nabil Bank ATM
As busy as it gets
bar Square
भक्तपुर दरबार क्षेत्र...
Google
Taumadhi Square





लिप्यन्तर

१. स्वस्तिः ॥ श्री भवान्यै नम ॥ श्री ३ चामुण्डा प
२. रमेश्वरी प्रीतिन यछेटोलया टेकन भा
३. रोन धर्म्मशाला दयका थ्व फले, पुत्र पौत्रा
४. दि, गंगाधर भारो, मणिधर भारो थ्वपनि
५. नेम्हं फुकिंजुया वंशानवंशन सेल्को याके
६. माल, थ्व फले सुनानं सेनकलसा, श्री ३ चा
७. मुण्डा ईश्वरीया कुदिस्ति, पञ्चमाहापा
८. तक, भिनकलसा उत्तमलोक ॥ ॥ सं ८०५
९. वैशाख शुक्ल ॥ सप्तमी पुष्यनक्षेत्र वृ
१०. द्धियोग बृहस्पतिबार, अमृतसिद्धि यो
११. ग थ्व कुन्हु प्रतिष्ठा याङा जुरोः ॥ शुभमस्तु

भाषान्तर

कल्याण होस् । श्री भवानीलाई नमस्कार ।

श्री ३ चामुण्डा परमेश्वरी प्रीतिको लागि यछे टोलका टेकन भारोले धर्मशाला बनाईयो । यो धर्मशाला फलेको छोरा नाति गंगाधर भारो र मणिधर भारो दुई जना वंशज दाजुभाइले आफ्नो वंश रहुन्जेल मर्मत संभार गराउनु पर्छ । यो फले कसैले बिगारेमा, श्री ३ चामुण्डाको कुदृष्टि लागोस् र पञ्चमहापातक पनि लागोस् । यदि संरक्षण गरेमा उत्तमफल लागोस् । ने सं ८०५ (विक्रम संवत् १७४१) वैशाख शुक्ल सप्तमी, पुष्यनक्षेत्र, वृद्धियोग, बृहस्पतिबार, अमृतसिद्धि योग समेत परेको यस शुभ दिनमा प्रतिष्ठा गरियो । शुभ ॥

CC-0. Nepal Sanskrit A Kathmandu Collection

क्र. सं. ११७ **बट्टा नं : ६** **अभिलेख नं : १६२** **खाम नं : २९**

अभिलेख रहेको स्थान : भक्तपुर निलबाराही मन्दिरमा रहेको शिलालेख ।

संवत् : नेसं. ८०५ **लिपि :** प्रचलित नेवारी **आकार :** २३ × २८ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा खड्ग **पंक्ति नं :** ११ **अभिमुख :**

G.P.S. : 27°41'57.7" north 85°23'49.3" east

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।




Manohara River
बागमती नदी
Kastuv
Armed Police Force (APF) Training Center
Armed Police Force (APF) Training Center
Pvt. Ltd
Nilbarahi Temple
नीलबाराही मन्दिर
Neel Barahi Picnic Spot
नील बाराही बनभोज स्थल



लिप्यन्तर

१. स्वस्ती श्री २ भवानि क्वातगु बाराही
२. सके ॥ श्री २ जयधर्म्मपुरिस प्रमान मे
३. लजुया बेरस ॥ राछि त्वालया मलीसिं पात्र
४. प्रमुखन आदितबार सेवा दयका ग्वमि
५. सिं, धममराम, दुराक, पुराम, रत्नराम,
६. पुसिं देवहरि, जिबंदेव, रन्ह शिव
७. राम (चन्द्र) जयकृष्ण मनोहर चतुलसिं
८. रामेश्वर ॥ थ्वते समुच्चयन सिंघनेम्हा
९. तोलन दुंता जुल ॥ संवत् ८०५
१०. आश्विन शुक्ल ॥ द्वितीया आदितबार
११. थ्वकुन्हु तया शुभमस्तु सर्व्वदा ड ॥

भाषान्तर

कल्याण होस् ॥ श्री २ भवानी क्वातगुबाराही प्रीतिको लागि श्री २ धर्मपुरिको प्रधान भएको बेलामा लाछि टोलका मलीसिं सहित पात्र प्रमुखले आइतबार सेवा समूह गठन गरियो । यस समूहमा, ग्वमि सिं, धर्मराम, दुराक, पुराम, रत्नराम, पुसिं देवहरि, जिबंदेव, रन्ह शिव, राम (चन्द्र) जयकृष्ण मनोहर, चतुलसिं रामेश्वर सहित समुच्चय भई सिंह जोडी, तोरण समर्पण गरियो । नेपाल संवत् ८०५ (विक्रम संवत् १७४१) आश्विन शुक्ल, द्वितीया आदितबारका दिन राखियो । सदा सर्वदा शुभ होस् ॥

CC-0. Nepal Sanskrit Ac athmandu Collection

क्र. सं. ११८ **बट्टा नं : ६** **अभिलेख नं : १६३** **खाम नं : ३0**

अभिलेख रहेको स्थान : भक्तपुर बोडे वाकोचो टोल गणेश मन्दिरको शिलालेख ।

संवत् : ने.सं. ८०६ **लिपि :** प्रचलित नेवारी **आकार :** २० × २२ से.मी.

शीर्ष चिन्ह : नभएको **पंक्ति नं :** ११ **अभिमुख :**

G.P.S. :

कैफियत : अभिलेख रहेको स्थान पत्ता नलागेका ।



लिप्यन्तर

१. ॐ स्वस्ती श्री ३ पाकचो गणेशयाके, पर
२. मान मेरूजुया वेरस, रायसिधार
३. नरहरि, मेन्दुराम, जसराम, जगदेव
४. रामचन्द्र थार रामचंद्र रष्णसिं सिव
५. हरि, चंदर वेखा कुण्डन थारे, करम
६. थार, सिवधर, पुनराज पुवा रत्नसाहि
७. जुगीदेव, वेखासिं, नकतोरया
८. पुनसिं थार शुमंगरिमयि नेम्हा अ
९. स्त्रीपुरूख, प्रमुखन अंगारबार सेवा दय
१०. काव देवरचा दाङाव प्रतिष्ठा याङा दिन
११. कार्तिक कृष्ण ९ संवत् ८०६, शुभ ॥

भाषान्तर

कल्याण होस् ॥ श्री ३ पाकचो गणेशको प्रीतिको लागि प्रधान मेरूजुको पालामा रायसिधार नरहरि, मेन्दुराम, जसराम, जगदेव रामचन्द्र थार, रामचंद्र, रष्णसिं, सिवहरि, चंदर, वेखा, कुण्डन थारे, करम थार, सिवधर, पुनराज पुवा, रत्नसाहि जुगीदेव, वेखासिं लगायत नकटोलका पुनसिं थार र सुमंगलिमयि यी दुई स्त्रीपुरुष भई मंगलबार सेवा समूह गठन गरियो । यही सेवा समूहले देवल बनाई प्रतिस्ठा गरियो । नेपाल संवत् ८०६ कार्तिक कृष्ण ९ का दिन शुभ ॥

क्र. सं. ११९ **बट्टा नं : ७** **अभिलेख नं : १६७** **खाम नं : २**

अभिलेख रहेको स्थान : भक्तपुर महाकाली थानमा रहेको शिलालेख ।

संवत् : ने.सं. ८१२ **लिपि :** प्रचलित नेवारी **आकार :** २३ × २८ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा खड्ग **पंक्ति नं :** ११ **अभिमुख :** पश्चिम

G.P.S. : 27°40'34.1" north 85°25'51.2" east

कैफियत : अभिलेख गर्भग्रिहको पछाडी रहेको ।


ashwor Mahadev
Khwopa College (TU Affiliated)
Byasi
Sworga Restro and B
Top rate
il Bank ATM
busy as it gets
quare
Mayur
adhl Square
500 ft





CC-0. Nepal Sanskrit A Kathmandu Collection

लिप्यन्तर

१. स्वस्ति ॥ श्री ३ भवाण्यै नम ङ ॥ लंकालाटोल् मानसिंह ताम्वकारन ह्ङव थ्व
२. फले दयकाव तबस थ्व फले सेङाव फुकेस छय जिल विश्वेश्वर ताम्व
३. कारनं थमलिथे श्रर्द्धापूर्वकन थ्व फले दयका जुरों, थ्व फले थ्वया वंशन
४. सेल्होयाकेमाल निदानयाके माल, थ्व फलेस वर्ष प्रति दिन श्चैत्र कृष्ण
५. या दशमी कुन्हु, श्री ३ मस्यानत्याङि देवसके पूजायायमाल पूजाया
६. ङावलिहाववयाव थ्व फलेस सग्वन वियमाल, धलिपात २ पूजाया
७. य खेलया दोस, थ्वफले प्रतिष्ठा याङा दिन चैत्र कृष्णदशमी श्रवण
८. नक्षत्र शुभ योग, बृहस्पतिबार ॥ कदाचित थ्वफल सुनानं कचंग्व
९. ल थाङाव सेनकलसा, श्री ३ भवाणीया कुदिष्टि, पञ्चमहापातक
१०. गोम्हनं निदान याता उत्तमलोक ॥ थ्व फलेस चेकन अत जुक्वजिल
११. देवराम भारोन चिङा जुरो, सं ८१२ चैत्रवदि १० शुभमस्तु ङ ॥

भाषान्तर

कल्याण होस् । श्री ३ भवानीलाई नमस्कार । लंकालाटोलका मानसिंह ताम्राकारले अघि बनाई राखेको यो फलेपाटी बिग्रन गई भत्केको हुँदा नातिनातिना ज्वाई तथा आफु विश्वेश्वर ताम्राकार समेत भई गच्छे अनुसार रकम हाली फलेपाटीको जीर्णोद्धार गरियो । यो पाटीको संरक्षण मर्मत संभार उनीहरूकै वंशजलाई गराउनु पर्छ । यो पाटीमा प्रत्येक वर्ष चैत्रकृष्णदशमीको दिन श्री ३ मस्यानत्याङि (मसानदेवी) देवीको पूजा गर्नुपर्छ । यो पाटीमा सगुन तथा दही कटारो २ राखी खुला अदृश्य देवी देवताको दोष निवारण गर्नु । यो पाटीको प्रतिष्ठा चैत्र कृष्ण दशमी, श्रावण नक्षत्र, शुभ योग, बृहस्पतिबारका दिन गरियो ॥ कदाचित् कसैले यो पाटीको सम्बन्धमा कचिंगल उठाइ बिगारेमा श्री ३ भवानीको कुदृष्टि र पञ्चमहा पातक लागोस् । निदान संरक्षण गरेमा उत्तम फल प्राप्त होस् । फेरि यो पाटीमा देवराम भारोले चाहिए जति तेलिया ईंटा उपलब्ध गराइ ईंटा छाप्ने कार्य पनि गरियो ।

नेपाल संवत् ८१२ (विक्रम संवत् १७४८) चैत्रवदि १० । शुभ होस् ॥

क्र. सं. १२० **बट्टा नं : ७** **अभिलेख नं : १७०** **खाम नं : ५**

अभिलेख रहेको स्थान : भक्तपुर बोडे खासी टोल निलबाराही मन्दिरमा रहेको शिलालेख ।

संवत् : ने.सं. ८१७ **लिपि :** प्रचलित नेवारी **आकार :** ४४ × ३१ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा नाटेश्वर **पंक्ति नं :** १८ **अभिमुख :** पूर्व

G.P.S. : 27°41'29.8" north 85°23'20.3" east

कैफियत :









CC-0. Nepal Sanskrit , Kathmandu Collection

लिप्यन्तर

१. ॐ नम ड ॥ क्वाथगु भगवती श्री ३ बाराहि प्री
२. तिकामनार्थ द्वाविंशति भक्तिजन समुच्चयस्यं सुवर्ण्ण
३. पुष्पमाला छास्यं बाराहि मुखमूर्ति दयकाव जात्रा या
४. य देवखत बोययातं, मण्डप दयकाव यज्ञेविधिस्यं प्र
५. तिस्था याङा गावछेया हरिशिव जीवराम भागलव्व पनि
६. नेम्हंस छेश देवन आज्ञादयाव, जजमान, सहदेव, जय
७. हरि जयमानधोल, पूर्ण्णधोल, गुसिंजेल, रामचंद्र थाल
८. दिन, वेखा, पलिक, देवहरि, करमहेल, रामकृष्ण, चंद्र
९. मान, श्रिमान, धर्म्म, जिबन, रामसाहि, धनदेव, गणप
१०. ति, रत्नसिं, हरिशिव, जीवराम भागल, थ्वपनिम्रियने
११. म्हं समुच्चयन, श्री ३ इश्वरीया आज्ञान, थ्व मंण्डप दय
१२. काव वर्षबन्धन यायमालकं गुठि दयकं तया ॥ दिन
१३. संवत् ८१७ फागुनशुक्ल तृतीया पर चतुथी रेवती न
१४. क्षेत्र शुक्लयोग आदित्यबार, थ्वकुन्हु प्रतिष्ठा याङा
१५. दिन जुरो, थ्व मण्डप सुनानं कचंगल थाङाव सेनक
१६. लसा ओम्हं याता पञ्चमहापातक, गोम्हंन निदा
१७. न याङाव भिनकला ओम्ह वैकुण्ठ प्राप्तिरस्तु ॥ थ्व
१८. मण्डप सेल्हो याय, थ्वते सेनं दादु पूजा कुन्हु जुरो शुभं ॥

भाषान्तर

नमस्कार ॥

क्वाथगु भगवती श्री ३ बाराही प्रीतिकामनाको लागि २२ जना भक्तजनहरू समुच्चय भई सुवर्ण पुष्पमाला समर्पण गरी बाराहीमुख कोश बनाई जात्राको वेला चाहिने खट सिँगैार्न मण्डप (डबली) बनाई यज्ञ विधि पूर्वक प्रतिष्ठा गरियो । गावछेका हरिशिव र जीवराम, भागलव्व यी दुई जनाले देवताको आज्ञा लिई आफ्नो घरमा राख्न पाउने गरियो । जजमान, सहदेव, जयहरि, जयमानधोल, पूर्ण्णधोल, गुसिंजेल, रामचंद्र, थाल दिनवेखा, पलिक, देवहरि, करमहेल, रामकृष्ण, चन्द्रमान, श्रीमान, धर्म्म, जीवन, रामसाहि, धनदेव, गणपति, रत्नसिं, हरिशिव, जीवराम भागल, यति समुच्चय भइ श्री ३ इश्वरीको आज्ञाले यो मण्डपको वर्षबन्धन गर्नुपर्छ र यसको लागि गुठी पनि गठन गरियो ।

नेपाल संवत् ८१७ (विक्रम संवत् १७५२) फागुनशुक्ल तृतीया परचतुर्थी, रेवती नक्षेत्र, शुक्लयोग, आदित्यबार यस दिनमा प्रतिष्ठा गरियो । यो मण्डपकोबारे कुनै किसिमको कचिंगल उठाए वा बिगारे उसलाई पञ्चमहापातक लागोस् । जसले निदान गर्ला उ परत्रमा बैकुण्ठ बास होस् । यस मण्डपको मर्मत संरक्षण गर्दा उनीहरूले पूजा गरी गर्दा हुन्छ । शुभ ॥

CC-0. Nepal Sanskrit Acad mandu Collection

क्र. सं. १२१ **बट्टा नं : ७** **अभिलेख नं : १७१** **खाम नं : ६**

अभिलेख रहेको स्थान : भक्तपुर जेलँ टोल भैरवस्थानको परखालमा रहेको शिलालेख ।

संवत् : ने.सं. ८२०

लिपि : प्रचलित नेवारी

आकार : ११ × १३ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा खड्ग

पंक्ति नं : १०

अभिमुख :

G.P.S. : 27°40'19.3" north 85°26'09.0" east

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।


Malpot Office, Bh
Khwopa Hospital
Dattatreya Square
Jelan Galli
Khwopa College of Engineering
ख्वप इन्जिनियरिङ कलेज
Mega Bank Ne
Maheshwari Banquet
महेश्वरी ब्याङ्क्वेट
Riders Choice Nepal - Hamro Helmet Shop
Google



लिप्यन्तर

१. स्वस्ति संवत् ८२० वैशाखकृष्ण त्रयो
२. दश्यान्तिथौ अश्णिनक्षत्रे, आयुष
३. मानजोगे आदित्यवासरे थ्व कुन्हु
४. जेरटोलया झ्बारया शिरिरामभा
५. रोन फले दयकाव प्रतिष्ठा याङा
६. जुरो गोम्हानं कचंगल थाङाव से
७. नकलसा पञ्च महापातक रा
८. क जुरो, थ्वम्हा या सन्तानपनिसे
९. न थ्व फरेसेल्हो ल्होने मार जु
१०. रो ॥ शुभ ॥

भाषान्तर

कल्याण होस् ॥ नेपाल संवत् ८२० (विक्रम संवत् १७५६) वैशाखकृष्ण त्रयोदशी तिथि, अश्विनी नक्षत्र, आयुष्मायोग, आदित्यबार यस दिन यस जेल टोल झ्बारका थ्व कुन्हु शिरिराम भारोले फलेपाटी बनाई प्रतिष्ठा गरियो । जसले यसमा कचिंगल उठाइ बिगारेमा उसलाई पञ्चमहापातक लागोस् । यस पाटीको मर्मत जीर्णोद्धार गर्दा दाताकै सन्तानद्वारा गराइयोस् । शुभ ॥

क्र. सं. १२२ **बट्टा नं : ७** **अभिलेख नं : १७२** **खाम नं : ७**
अभिलेख रहेको स्थान : भक्तपुर बोडे लाछि टोल महालक्ष्मी जाने बाटोमा पाटीको शिलालेख ।
संवत् : ने.सं. ८२५ **लिपि :** प्रचलित नेवारी **आकार :** १६ × २१ से.मी.
शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा खड्ग **पंक्ति नं :** १५ **अभिमुख :**
G.P.S. :
कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।



लिप्यन्तर

१. श्रीयोस्तु महालक्ष्मी प्रीतिन ॥ महालक्ष्मी महा
२. देवी सौभाज्ञ गुनसुनदरी वैदुईर्य पादुका रूया सिं
३. हासन, संस्थिता ॥ संवत् ८२५ माघ शुद्धि षष्ट
४. म्यां तिथौ रेवतिनक्षत्रे साध्ययोगे शुक्रबारे मक
५. ररासिगते सवितरि मीनरासिगते चन्द्रमसि थ्वकु
६. न्हु ॥ दानपति रत्नसिंह, भाय्र्या वसुमनि, पुत्र कलं
७. सिंदेव, तस्य भाय्र्या विधरि, तस्य पुत्र रक्षावलसिं, त
८. स्य भाय्र्या देवी जानि, द्विय पुत्र रत्नधन, तृतीयपुत्र
९. पर्शुराम ॥ थ्वते प्रमुखन, मन महर्षन, पाटिमण्ड
१०. प दयकं ॥ श्री २ नारायण, श्री २ लक्ष्मीदेवी विक्रम संवत्, सुरूपप्र
११. तिमा दयकं विधिविधानथे यज्ञ सम्पूर्ण्ण यास्यं
१२. पतिस्था याङाव स्थापनायाङा जुरो ॥ श्री २ लक्ष्मी
१३. नारायन, पतिमा दयकं स्थापना याङा पुण्यन
१४. इहत्रे सुखसंप्रापते परत्रे मुक्ति संप्राप्ते ॥
१५. ॥ ॥ शुभमस्तु सदासर्व्वदा भवत्तु ॥ ॥

भाषान्तर

कल्याण होस् ॥ महालक्ष्मी प्रीतिको लागि ॥ महालक्ष्मी महादेवी सौभाज्ञ गुणसुन्दरी वैदुईर्य पादुका र सुनको सिंहासन स्थापना गरियो । नेपाल संवत् ८२५ (विक्रम संवत् १७६०) माघशुदि षष्ठी तिथि, रेवतिनक्षत्र, साध्ययोग, शुक्रबार, मकर राशिमा सूर्य, मीन राशिमा चन्द्रमा बसेको यस दिनमा दाता रत्नसिंह, उनका पत्नी वसुमनि, छोरा कलंसिंदेव, उनका पत्नी विधरि, तिनका छोरा रक्षावलसिं, उसका पत्नी देवीजानि, दोस्रो छोरा रत्नधन, तेस्रो छोरा पर्शुराम यति प्रमुख जनले आफ्नो मनको खुशी राजी हर्षले यो पाटी मण्डप बनाईयो । श्री २ नारायण र श्री २ लक्ष्मीदेवीको राम्रो प्रतिमा मूर्ति बनाई विधिविधान पूर्वक यज्ञहोम गरी प्रतिष्ठा गरियो । श्री २ लक्ष्मी नारायणको प्रतिमा मूर्ति पनि स्थापना गरियो । यस पुण्यले इहलोकमा सुख सम्पत्ति प्राप्त भई परत्रमा मुक्तिप्राप्त होस् भनी कामना गरियो । सदा सर्वदा शुभ भइरहोस् शुभ ॥

क्र. सं. १२३ **बट्टा नं : ७** **अभिलेख नं : १७३** **खाम नं : ८**

अभिलेख रहेको स्थान : भक्तपुर गोलमढी टोल वीरभद्र मन्दिरनेर पाटीको शिलालेख ।

संवत् : ने.सं. ८२६

लिपि : प्रचलित नेवारी

आकार : १२ × १४ से.मी.

शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा खड्ग

पंक्ति नं : ९

अभिमुख :

G.P.S. : 27°40'21.9" north 85°25'56.6" east

कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।





Star Banquet
Byasi
Rd
Hotel Bhaktapur Inn
Dattatreya Square
Sunrise Bank Ltd. Bhaktapur Branch
Jelan
Nyatapola Temple
Siddhi Memorial Women and Children Hospital
Riders Choice N - Hamro Helmet S



लिप्यन्तर

१. स्वस्ति ॥ संवत् ८२६ वैशाखशुदि १
२. शिवराम, जयहरि, जयराम, ध
३. नदेव, रामचन्द्र, शिवहरि, विश्व
४. हरि, देवदास, दुर्गाराम, पुर्ण्णरा
५. म, हरिसिंह, रामकृष्ण, सूर्य्यसिंह,
६. चुकुन, विश्वराज, शिरिराम, गो
७. पिराम, तबधेक थ्वते तुमा तया
८. पञ्चसमुचयन थ्व फरे दय
९. का जुरो ॥ शुभमस्तु ॥ ॥

भाषान्तर

कल्याण होस् ॥ नेपाल संवत् ८२६ (विक्रम संवत् १७६२) वैशाखशुदि १ का दिन शिवराम, जयहरि, जयराम, धनदेव, रामचन्द्र, शिवहरि, विश्वहरि, देवदास, दुर्गाराम, पुर्ण्णराम, हरिसिंह, रामकृष्ण, सूर्य्य सिंह, चुकुन, विश्वराज, शिरिराम, गोपिराम, तबधेक, यति समुच्चय भई टेका थाम राखी यो फलेपाटी बनाईयो । शुभ ॥

CC-0. Nepal Sanskrit , Kathmandu Collection

क्र. सं. १२४ **बट्टा नं : ७** **अभिलेख नं : १७४** **खाम नं : ९**
अभिलेख रहेको स्थान : भक्तपुर ठिमी लाभा टोल धारानेरको पाटीको शिलालेख ।
संवत् : ने.सं. ८२६ **लिपि :** प्रचलित नेवारी **आकार :** ११ × १३ से.मी.
शीर्ष चिन्ह : चन्द्रसूर्यबिचमा चक्र **पंक्ति नं :** १४ **अभिमुख :**
G.P.S. : 27°40'38.8" north 85°23'18.7" east
कैफियत : अभिलेख यथा स्थानमा नभेटिएको ।




New Ev
नयाँ एभरेष्ट पार्टी महल
Higher School
आदर्श उच्च माध्यमिक...
Ktm Showroom Bhaktapu
Benelli Showroom
Madhyapur Hospital
मध्यपुर हस्पिटल प्रा. लि.
Innovative S



लिप्यन्तर

१. श्रीयोस्तु संवत् ८२६ वैशाख शुक्र त्रयोदश्यातिथौ
२. हस्तनक्षत्रे हर्षनयोगे आदित्यबारे मेषरासि
३. गतेसवितरि कन्यरासिगते चन्द्रमसि तत्र दि
४. ने दानपति श्री मध्यपुरे इनयराछे चपररिप
५. छेया दानायक गंगाराम भारो, थमयि पीमत्य भा
६. मायकाव दानायकरजान, थवपिता त्रिविक्रम
७. दिवंगत जुया सप्रेम (पुरन) थ्व पाटिमण्डप दय
८. का पुनरपि ज्येष्ठ भ्राता अष्टनसिंङ दिवंगत जु
९. या सदा जुयानो मनजुल धनशिरा पोत्र दयकं
१०. प्रतिष्ठा यास्यं तया शुभ ॥ ॥ थ्व धर्म्मशारा
११. मण्डप सुनान सेनकरा, थ्व म्ह याता पञ्च महा
१२. पातक, सुनानं थ्व पाटि मण्डपस भिनकरा,
१३. थ्व ह्म याता, सुखावति स्वर्ग्ग संप्रापति रायी
१४. जुरो ॥ शुभमस्तुसर्व्वदा शुभ ॥ ॥

भाषान्तर

